
# लेखापरीक्षण प्रतिवेदन

## इस्मा गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## इस्मा गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/606

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

इस्मा गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

## कैफियतसहितको राय

हामीले इस्मा गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ३७ लाख ४२ हजार, पर्यटन पूर्वाधार विकास आयोजना रु. ५ लाख ४७ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १८ लाख र गरिबसंग विश्वेशर कार्यक्रमको रु. ७ लाख ५ हजार समेत गरी जम्मा रु. १२ करोड ६७ लाख ९४ हजार सुत्रमा लेखांकन गरेको छैन ।

२. इस्मा गाउँपालिकाको रु.१ अर्ब ८ करोड ४९ लाख ८२ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ४५ लाख १३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १९ लाख २४ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.१ करोड २५ लाख ८९ हजार मध्ये असुल गर्नुपर्ने रू.१ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२५ लाख ५२ हजार र नियमित गर्नुपर्ने रु.९९ लाख २ हजार रहेको छ।गाउँपालिकाको गत वर्षसम्मको बाँकी बेरुजु रु. १० करोड १९ लाख ८९ हजारमध्ये रु.३ लाख ४६ हजार फर्स्यौट भई सम्परिक्षण पश्चात रु.१० करोड १६ लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड ४२ लाख ३२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने इस्मा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो इस्मा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ९२ | ६१ | १,४५,१३,४०० | ० | ४५ | १९,२४,७४९ | ० | ९२ | १६ | १,२५,८८,६५१ | १,३५,४०१ | ९९,०१,६५४ | २५,५१,५९६ | ० | ० | १,२४,५३,२५० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | १०,१९,८९,००० | ० | ३,४६,०४६ | १०,१६,४२,९५४ | ० | १,२५,८८,६५१ | ११,४२,३१,६०५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४७ | भ्रमण खर्च बढी भुक्तानी | ११,०७५ |
| २ | २०७९/८० | ४० | सामुदायिक ग्रामिण विद्युतीकरण | ३,३४,९७१ |
| ३ | २०८०/८१ | ७१ | शसर्त अनुदान फिर्ता | ८०,०५६ |
| ४ | २०८०/८१ | ९१ | बढी भुक्तानी | १०,११७ |
| ५ | २०८०/८१ | १०४ | बढी भुक्तानी | ३१,२४२ |
| ६ | २०८०/८१ | ३४ | प्रमाण पेश गर्नुपर्ने | ३,०४,४६५ |
| ७ | २०८०/८१ | ८२.३ | परामर्श खर्च | ३५,००० |
| ८ | २०८०/८१ | ५ | नगद मौजदात | १२,४३५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | १०२ | ढुंगा भरपाई | १०,८४० |
| १० | २०८०/८१ | १०३ | ढुंगा | २१,८८८ |
| ११ | २०८०/८१ | ६६ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २,०९,९१३ |
| १२ | २०८०/८१ | ९२.१ | १५ शैया अस्पताल – | ५,५८,७२५ |
| १३ | २०८०/८१ | ४६ | समितिको बैठक भत्ता | १,४३,६५० |
| १४ | २०८०/८१ | ८४ | संघ समपुरक रकम | ४,२४,४७६ |
| १५ | २०८०/८१ | ७३ | सामाजिक सुरक्षा | ८१,९४२ |
| जम्मा | | | | २२,७०,७९५ |

# (८०५५२५०१३०० - इस्मा गाउँपालिका, गुल्मी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह अस्तित्व र समयन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागित, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी नागरिकालाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहको छ । यस पालिकामा ६ वडा,८१.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ बमोजिम १८५३० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१६ देखि २०८१।५।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १०८४९८१९६८।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७९५५६४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. | दाखिला विवरण |
|---|---|---|---|
| १ | डाक्टरको तलब संघिय सशर्तबाट भुक्तानी | ७७९७९२ | भौ नं ६९९८८८२२ मिति २०८१।६।१० |
| २ | पारिश्रमिक कर | ४४५४५ | भौ नं. ६९९७८२९५ मिति २०८१।६।१० |
| ३ | आय ठेक्काको मू.अ.कर दाखिला | २८६२१९ | भौ नं ६९९७६९२३ मिति २०८१।६।१० |
| ४ | प्रदेश समपुरक अनुदान खर्च बढी दाखिला | ५४६८०८ | ६९९७७९०५ मिति २०८१।६।१० |
| ५ | बढी छात्रवृति निकासा | १३९२०० | २०८१।५।१९ |
| | | १७९५५६४ | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | |
|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | | नगद।जम्मा | नगद।जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ७, ७० , ४३ , ८३७.४४ | ९, ७९ , ६५ , ६३२.४७ |
| १३००० | अनुदान | ३०, ७७ , ७३ , ०५३.९७ | ३३, २० , ४१ , ४८७.८९ |
| १४००० | अन्य राजस्व | ५२, ५९ , १६०.१० | ४२, ९४ , ६९२.५५ |
| १५००० | विविध प्राप्ति | ६४,९६२.०० | १, २२ , ०९१.०० |
| क | कुल जम्मा प्राप्ति | ३९, ०१ , ४१ , ०१३.५१ | ४३, ४४ , २३ , ९०३.९१ |
| ३ | चालु | २८, ७६ , ७५ , ०२३.९० | ३१, ३३ , १२ , २४४.९२ |
| २१००० | पारिश्रमिक / सुविधा | १८, ४४ , १९ , १६५.२२ | १७, १२ , ७६ , २४१.२२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९, १५ , २७ , ७२७.६० | १०, ५० , ७२ , ९७७.८० |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | २६, ७२ , ०००.०० | ० |
| २५००० | सहायता (Subsidy) | ८, ५३ , ३८५.०० | १०, ३२ , ०५०.०० |
| २६००० | अनुदान | २, २३ , ०००.०० | ० |
| २७००० | सामाजिक सुरक्षा | ० | २८, ५३ , ५५१.०३ |
| २८००० | अन्य खर्च | ७९, ७९ , ७४६.०८ | ३, ३० , ७७ , ४२४.८७ |
| ४ | पूंजीगत | ११, ९० , ०२ , ८५३.४१ | १०, ७८ , १८ , ५३३.५३ |
| ३१११० | भवन तथा संरचना | २, ५८ , २१ , ७८६.४६ | २, २५ , ६९ , ४०६.७९ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | ७७, ९८ , ३२०.९० | ६८, ०२ , ३२४.४६ |
| ३११३० | अन्य पूँजीगत खर्च | २४, ५७ , ०७२.०० | १०, २३ , २१०.०० |
| ३११४० | सुरक्षा उपकरण | २, ७४ , ९२८.०० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ८, २६ , ५० , ७४६.०५ | ६, ७६ , ७३ , ९२७.३४ |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ९७, ४९ , ६६४.९४ |
| ख) | कुल जम्मा भुक्तानी | ४०, ६६ , ७७ , | ४२, ११ , ३० , |

| | | | |
|---|---|---|---|
| | | ८७७.३१ | ७७८.४५ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१ , ६५ , ३६ , ८६३.८०) | १, ३२ , ९३ , १२५.४६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १, २४ , ६० , ४३५.८७ | ३५, ५५ , १३५.८६ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -४४,५४४.९० | -१,४२४.१० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४० , ७६ , ४२७.९३) | १, ६८ , ४८ , २६१.३२ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ८, ४९ , ३० , ०७५.५३ | ६, ८० , ८१ , ८१४.२१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८, ०८ , ५३ , ६४७.६० | ८, ४९ , ३० , ०७५ |

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।

तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२३७४२२८९।– पर्यटन पूर्वाधार विकास आयोजना रु ५४६६५०। स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु १८००००० र गरिबसंग विश्वेशर कार्यक्रमको रु. ७०५०००।– समेत गरी रु १२६७९३९३९। सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|
| सामाजिक सुरक्षा | १२३७४२२८९ | १२३७४२२८९ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १८००००० | १८००००० |
| गरिव संग विशेश्वर कार्यक्रम | ७०५००० | ७०५००० |
| पर्यटन पूर्वाधार विकास आयोजना | ५४६६५० | ५४६६५० |
| जम्मा | १२६७९३९३९ | १२६७९३९३९ |

## ४ बैङ्क हिसाव विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ । पालिकाले बैंक तथा स्रेस्ता अनुसारको बैंक हिसाब मिलान गरी विवरण अद्यावधिक गर्नुपर्दछ ।

| आ.व. : २०८०/८१ अवधी : - स्थानीय तह : इस्मा गाउँपालिका, गुल्मी | | | |
|---|---|---|---|
| बैंक तथा नगद बाकी | | | |
| यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छः | | | |
| | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| १ | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | -१,६४४.१० | ० |
| २ | ग २.७, विविध खर्च खाता | ४०३३२०९ | ४०३३२०९ |
| ३ | ग ३.१, स्थानीय तह धरौटी खाता | ९३९५००६.८८ | १०७६२२९५.१८ |
| ४ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ४८८३४३३९.५९ | ४८८३२६९५.४९ |
| ५ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ६१२५०८०.३४ | ६१२५०८०.३४ |
| ६ | ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ७९,१७८.६० | ७९,१७८.६० |
| ७ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ११००७१०९.८९ | ११००७१०९.८९ |
| | | ७९४७२२८०.२ | ८०८३९५६८.५ |

५ **नगद मौजदात**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,४३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६ **वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरण**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन,२०७६को दफा ५६ र नियमावली, २०७७ को नियम ७३ बमोजिम प्रत्येक कार्यालयले महिना समाप्त भएको सात दिनभित्र खर्चको फाँटवारी फस्यौट हुन बाँकी पेश्कीको विवरण, राजस्व धरौटीको विवरण राजस्वको वैँक हिसावको विवरण धरौटी मिलान विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेखसँग रुजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस कार्यालयले सो गरेको पाइएन यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ

७ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- निजामति सेवा ऐन २०४९ को दफा ७ को ख २ वमोजिम तलवी प्रतिवेदन पारीत गराइ तलब भत्ता भुक्तानी गर्नु पर्नेमा तलबी प्रतिवेदन पारीत नगराई तलव भत्ता भुक्तानी दिई खर्च लेखेको छ । जसले गर्दा ग्रेड समेत एकिन हुन सकेन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात पनि लेखापरीक्षण र प्रतिवेदन दिने गरेको छैन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३९ लाख ५१ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ८ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा संघ तर्फको रु. २४६४४६७१। र प्रदेश तर्फको रु. ६०७४७३। अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८१-०३-३१ मा फिर्ता गरेको विवरण पेश गरेको छ ।

## ९ सूचना प्रविधी पद्वति

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

१० **सफ्टवेयर खरिद तथा उपयोग**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

| सफ्टवेयरको नाम | आ. व . | परिमाण | दर | खरिद रकम | प्रयोगमा भए नभएको | शाखा | अन्य चार्ज |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | Renewal। AMC |
| योजना व्यवस्थापन प्रणाली | २०७६।७७ | १ | ५००००० | ५००००० | भएको | योजना शाखा | ९९४४० |
| केन्द्रीकृत सिफारिस तथा पत्र व्यवस्थापन प्रणाली | २०७८।७९ | १ | ४९७२०० | ४९७२०० | भएको | प्रशासन शाखा ( वडामा ) | ६४६३६ |

११ **आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा तथा आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख रहेकोमा पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१२ **बेरुजु लगत**

पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।पालिकाले म. ले. प. फाराम ८०१ बेरुजु लगत नराखेको तथा म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

१३ **नीति, योजना तथा कार्यक्रम कार्यान्वयन**

इस्मा गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा कार्यक्रममा प्रस्तुत भएका विषयवस्तुहरूमध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । सभामा प्रस्तुत नीति तथा कार्यक्रममा नै उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएकाहरू शिक्षा, स्वास्थ्य, कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वयन नभएका उदाहरणहरु देहाय अनुसार छन :

- गरीब, अति विपन्न, उपेक्षित र वञ्चितिकरणमा परेका / पारिएका समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथ/पैचो सहकारी पसल व्यवस्थापन गर्न प्रोत्साहित गर्ने ,
- खाद्यान्न बाली उत्पादन बढाउनका लागि धान तथा मकैको बिउ बैंक (Seed Bank) स्थापना गर्ने तथा सोको अनुगमन, निरीक्षण तथा बिउ वितरणमा प्रोत्साहन अनुदान दिने,
- उपभोक्ता संरक्षण र बजार व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ,

- युवाहरुलाई दुर्व्यसनी र कुलतबाट मुक्त गर्न नेपाल प्रहरी र अन्य संघ संस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ उनीहरूलाई साइबर क्राइम बारे अभिमुखीकरण पनि गर्ने ,
- विकास र विपदमा युवा परिचालनको नीति अवलम्बन गरिनेछ । बेरोजगार युवाहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरुको सीप र ज्ञानका आधारमा उद्यम/रोजगारको "रोजौँ आफ्नो माटो, छोडौँ विदेशको बाटो" अभियान अन्तर्गत विदेशिनबाट निरुत्साहित गरी स्वदेशमै सेवा गर्न प्रोत्साहित गर्ने ,
- वोलपत्रको माध्यमबाट सार्वजनिक खरिदगर्नु पूर्व ईच्छुक बोलपत्रदाताहरूको पूर्व बोलपत्र बैठक आयोजना गर्ने ,
- गाउँपालिका क्षेत्रभित्र रहेका सबैप्रकारका सार्वकजनिक सम्पतिहरुको क्षेत्रगत अभिलेखीकरण गरी संरक्षण र बहुप्रयोगमा ल्याउने कार्यलाई अगाडि बढाइने ।

१४ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**मध्यमकालीन खर्च संरचना** – यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान जानु पर्दछ ।

१५ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष कार्यपालिकाको निर्णयबाट ९८ योजनामा रु. ४ करोड ४१ लाख ९७ हजार घटाएको र ११८ योजनामा रु. ४ करोड ७६ लाख ९७ हजार बढाई थपघट समेत रु. रु. ३५ लाख रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ०.७० प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

१६ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र

वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १५५ | ६९ | ६० | २६ | २० | ३३० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख भन्दा बढी गरी जम्मा ३३० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा कमका १५५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १८३३०००० | १२२८०३४५ | ६७ |
| २ | पूर्वाधार विकास | १००२२६१८० | ८३०२७४८०.५ | ८२.८४ |
| ३ | सामाजिक विकास | २५३०९५०६९ | २२०१५१२४५ | ८६.९८ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३४५४८९५० | २१९८६६५३ | ६६.६४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९३२९१०२५ | ६९२३२१५२ | ६४.२ |
| | | ४९९४९१२२५ | ४०६६७७८७७ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८६.९८ प्रतिशत र अन्य कार्यालय संचालन तथा प्रशासनिक मा सबै भन्दा घटीमा ६४.२० प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

## १८ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु हजार | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | ११९००२ | ४६९४ | ४७३३ | २३६१५ | ८५९६० | ६३२४८ |
| सुत्रतर्फ | | | | | | |
| खर्च प्रतिशत | | ३.९४ | ३.९७ | १९.८४ | ७२.२३ | ५३.१४ |

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.११ करोड ९० लाख २ हजार भएकोमा प्रथम त्रैमासिकमा रु ४६ लाख ९४ हजार खर्च अर्थात ३.९४ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.४७ लाख ३३ हजार अर्थात ३.९७ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. २ करोड ३६ लाख १५ हजार अर्थात १९.८४ प्रतिशत, चौथो त्रैमासिकमा रु.८ करोड ५९ लाख ६० हजार अर्थात ७२.२३ प्रतिशत र असार महिनामा मात्रै रु.६ करोड ३२ लाख ४८ हजार अर्थात ५३.१४ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## १९ बजेट पेश, पारित र अख्तियारी

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।८ मा रु.४९ करोड ९४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

**खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.४४६७५८४। राजस्व बाँडफाँड र अनुदानबाट रु. ४०९२९७२१९।- समेत रु. ४१३७६४८०३।- आम्दानी भएकोमा चालु तर्फ रु. २८७६७५०००।- र पूँजिगत तर्फ रु. ११९००२०००।- समेत रु. ४०६६७७०००।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ६६६८०००।- खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.७३ प्रतिशत चालु र २९.२७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## २० गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश चालु तर्फ रु. १७१२५३३ र पूजिगत तर्फ रु. ४७८६१९२ गरी रु. ६४९८७२५।- भुक्तानी दिएको छ।पालिकाले गत आर्थिक वर्षमा सुत्र प्रणालीको समस्याका कारण भुक्तानी दिन छुट भएकोले कार्यक्रममा समावेश गरी भुक्तानी दिएको जनाएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% मार्थि प्रगति |
| कार्यक्रम संख्या | कार्यक्रम संख्या | ४७ | ३ | ५ | १५ | २६० |
| पूजिगत | | | | | | |

## २१ सेवाप्रवाह विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ। पालिकाले २३ वटा ऐन, ४ वटा नियमावली, ३५कार्यविधि, २ निर्दशिका र १ नर्म्स लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस वर्ष भएका घटना दर्ता सम्बन्धी विवरण पालिकाले उपलब्ध गराएको छैन । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्मदर्ता | ८१३ | ८१३ |
| मृत्युदर्ता | २४६ | २४६ |
| बसाईसराई दर्ता | ३४१ | ३४१ |
| विवाह दर्ता | २७३ | २७३ |
| सम्बन्धविच्छेद दर्ता | २७ | २७ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२२ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । दरबन्दी अनुसार पदपूर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ६ | ६ | ४ | २ |

२३ **कानुन निर्माण र कार्यान्वयन**

यसमा निम्न व्यहोरा देखिएका छन्

२३.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले ६ वटा ऐन, ५ वटा नियमावली, ५९ कार्यविधि, ५ निर्देशिका, १ मापदण्ड, १ आचारसंहिता र १ रणनीति लगायत ७८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नुपर्दछ ।

२३.२ **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउने गरी कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२३.३ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको १ र यस वर्षको १५ समेत १६ वटा मुद्धा दर्ता भएकोमा १६ वटा फछ्र्यौट भएको छ ।

२४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०२२१०२९४ | ४४६७५८३ | १.१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. : २०८०/८१ प्रकार : आन्तरिक राजस्व खाता अवधी : २०८०/०४/०१-२०८१/०३/३१ | | | |
|---|---|---|---|
| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
| १ | ११३१३ - सम्पती कर | ५०,०००.०० | ४,६९४.०० |
| २ | ११३१४ - भुमिकर/मालपोत | १, ०० , ०००.०० | १, ४८ , ०३०.९१ |
| ३ | ११३१५ - घरजग्गा रजिष्टेशन दस्तुर | ० | ५०० |
| ४ | ११३१७ - वहाल कर | ५०,०००.०० | ९१,५५३.६६ |
| ५ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ३,०००.०० |
| ६ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २,०००.०० |
| ७ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | १, ०० , ०००.०० | १, ५४ , ५४०.०० |
| ८ | ११६९१ - अन्य कर | ० | ३८,१०७.०० |
| ९ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | २४,३००.०० |
| १० | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ११, ०० , ०००.०० | ३, ८५ , ८५०.०० |
| ११ | १४२२१ - न्यायिक दस्तूर | १,५००.०० | १,८७०.०० |
| १२ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | ४,६००.०० |
| १३ | १४२२४ - परीक्षा शुल्क | १, ०० , ०००.०० | १, ३४ , १००.०० |
| १४ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ५०,०००.०० | १, १३ , ९००.०० |
| १५ | १४२४२ - नक्सापास दस्तुर | १, ०० , ०००.०० | ४,५००.०० |
| १६ | १४२४३ - सिफारिश दस्तुर | १०, ०० , ०००.०० | १०, २७ , ३८८.०० |
| १७ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १, ०० , ०००.०० | ३, ६८ , ९००.०० |
| १८ | १४२४५ - नाता प्रमाणित दस्तुर | १, ५० , ०००.०० | १, ६३ , ६००.०० |
| १९ | १४२४९ - अन्य दस्तुर | १, ०० , ०००.०० | ३, ८४ , ५८१.०० |
| २० | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १, ९० , ९००.०० |
| २१ | १४२६५ - अन्य क्षेत्रको आय | ० | ५,१३३.०० |
| २२ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | ० | ५,०००.०० |
| २३ | १४३१२ - प्रशासनिक दण्ड , जरिवाना र जफत | ० | ३५,०००.०० |
| २४ | १४५२९ - अन्य राजस्व | ५, ०० , ०००.०० | १, ८४ , ९४४.०० |
| २५ | १४६११ - व्यवसाय कर | २, ०० , ०००.०० | ९, २५ , ६३०.०० |
| २६ | १५१११ - बेरूजू | १, ०० , ०००.०० | ६४,९६२.०० |
| जम्मा | | ३८, ०१ , ५००.०० | ४४, ६७ , ५८३.५७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

## २६ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत शुल्क, सिफारिस दस्तुर, सेवा शुल्क लगायतको शिर्षक बाट अनुमानित रु ३८०१५००/- रकम राजश्व प्रक्षेपण गरेकोमा पालिकाले यस आ. व. को अन्त्यमा रु ४४६७५८३।५७ मात्र राजश्व संकलन गरेको देखिन्छ जुन प्रक्षेपण भन्दा १७.५२ प्रतिशले बढी आय प्राप्त भएको देखिन्छ । पालिकाले अन्य स्रोतहरुको समेत पहिचान गरी आन्तरीक आम्दानी वढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

## २७ **स्थानीय तहरूको विभाज्य कोष**

प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफाक १५ मा ढुङ्गा, गिट्टी, बावा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहले दहत्तर बहत्तर शुल्कबाट रु २१५१८४६।प्राप्त गरेकोमा ४० प्रतिशतले हुने रु ८६०७३८।प्रदेशलाई पठाएको छ । पालिकाले अतिरिक्त बिज्ञापन, मनोरन्जन, सम्पत्ती कर असुली गरी आन्तरीक आय बढाउनु पर्दछ ।

## २८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## २९ **सम्पति व्यवस्थापन तर्फ**

२९.१ **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

२९.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

२९.३ **जिन्सी सम्पतिको सुरक्षा :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart

of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

२९.४ **जिन्सी अभिलेखिकरण:** स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।

२९.५ **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## ३० जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ३१ विपद व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गराउनु पर्दछ ।

## ३२ कोषको विवरण

पालिकाबाट प्राप्त विवरण अनुसार कोषको विवरण देहाय अनुसार रहेका छन् :

| | | | | (रु. हजारमा) |
|---|---|---|---|---|
| कोषको नाम | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
| विपद व्यवस्थापन कोष (आकस्मिक) | ३५९१७८.६ | ० | २८०००० | ७९१७८.६ |
| प्रकोप व्यवस्थापन कोष | ४३७०३२२.०३ | ११८१८९६५.६३ | ५१८२१७७.७७ | ११००७१०९.८९ |
| विविध कोष खाता | ३३५५२७४.३४ | ३४८५८०६ | ७१६००० | ६१२५०८०.३४ |
| बिबिध खर्च खाता | २६२४३४९ | ३३००००० | १८९११४० | ४०३३२०९ |
| जम्मा | १०७०९१२३.९७ | १८६०४७७१.६३ | ८०६९३१७.७७ | २१२४४५७७.८३ |

उपरोक्त कोषहरु मध्ये पालिकाले आकस्मिक विपद व्यवस्थापन कोष तर्फ रु.२८००००।००, विपन्न नागरिकलाई तथा राहत तथा उपचार रु. ७१६०००।००, विपद व्यवस्थापन कोष तर्फ २०९२२९४।००, सिप विकास र प्रविधि सहयोग कार्यक्रममा रु. ४४११४०।००, आगलागि राहत कोषबाट रु. १९४८३९८।००, विपद कोष २०८१ बाट रु. १००१७१६।०० र दीर्घ रोगका लागि मासिक रु.५०००।०० भुक्तानी वापत रु. १४५००००।०० खर्च गरेको छ । पालिकाले विपद व्यवस्थापन तर्फ विभिन्न कोषहरु स्थापना गरी खर्च गरेकोले यस सम्बन्धमा एकिकृत कार्यविधि तयार गरी एउटै कोष मार्फत निश्चित मापदण्ड तय गरी सोही रुपमा खर्च गर्नुपर्दछ ।

३३ **विपद व्यवस्थापन कोष (प्रकोप)**

आपतकालीन विपदको रोकथाम र भैपरी आउन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी इस्मा गाँउपालिकाले विपद व्यवस्थापन कोषको स्थापना गरेको छ। पालिकाको विपद व्यवस्थापन कोषमा आ.व. २०८०।८१ मा कुल रकम रु. १ करोड ६० लाख ५० हजार १९० आम्दानी रहेकोमा रु. ५० लाख ४३ हजार ०७९ रकम खर्च भई जम्मा रु. १ करोड १० लाख ७ हजार १०९ बाँकी रहेको पाइयो।यसरी विपद व्यवस्थापन कोषको रकम खर्च गर्दा पालिकाको विपद व्यवस्थापन कोष सम्बन्धी कार्यविधिको परिधिभित्र रही खर्च गर्नु पर्दछ।यस सम्बन्धी विवरणहरु देहाय बमोजिम छन :

(क) पालिकाले राहत वितरण सम्बन्धि कार्यविधि तर्जुमा गरेको पाईएन । पालिकाले विपद् प्रभावित एकिन गरेर राहत तथा सामाग्री उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् एकिन हुन सकेन । तसर्थ पालिकाले वास्तविक पिपद प्रभावितलाई एकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ ।

(ख) पालिकाले प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधरणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृति एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपुर्ति स्वरुप दिईने राहत लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी कार्यविधि तर्जुमा गरेकोमा कार्यविधि विपरित विभिन्न योजनहरुको मर्मत कार्यमा खर्च गरेको पाईयो । यस्तो खर्च प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

३४ **प्रमाण पेश गर्नुपर्ने**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१६,८८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८३,०५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२८,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७५,७१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३५ **धरौटी सदरस्याहा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६ को उपनियम २ मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा जुन कामको लागि राखिएको हो सो काम समाप्त भएको एक वर्ष भित्र धरौटी रकम प्रमाण सहित फिर्ता गर्नुपर्ने व्यवस्था छ । नियम ६८ (ख) मा उल्लेखित अवधि भित्र धरौटी फिर्ता लिन नआएमा सदरस्याहा गरी राजश्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले म्याद समाप्त भएका र टुङो लागेका धरौटी रकम नियमानुसार एकिन गरी सदरस्याहा गर्नुपर्दछ ।

३६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा नगरी यो वर्ष रु. २६००००।- आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

३८ **सभा खर्च**

स्थानीय सरकार संचालन २०७४ मा दिवस महोत्सव जात्रा पर्व जस्ता शिर्षकमा खर्च लेख्ने व्यवस्था देखिदैन पालिकाले यस वर्ष विभिन्न दिवस महोत्सवमा खर्च गरेको विवरण पेश भएन । पालिकाको कार्यक्रमगत खर्च विवरण सुत्र अनुसार यो वर्ष विविध खर्च सभा कार्यक्रमा रु. ३ लाख ५० हजार खर्च गरेको छ। यस प्रकारको कार्यक्रममा मितव्ययिता कायम गरी खर्चमा नियन्त्रण गर्नु पर्दछ।

३९ **खरिद व्यवस्थापन**

यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् –

३९.१ **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११ करोड ९० लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३९.२

**खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

**ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

**विज्ञापन वोर्ड कोष खाता कट्टी-** विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा एफ एम संचालन गरे पनि यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि चालु तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट समेत सूचना प्रकाशनमा खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

४० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १७८९७०००। पालिकाका कर्मचारीको रु ४८१७०००। समेत रु. २२७१४०००।खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४१ **संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण

अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत विभिन्न ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

४२ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. १४११५०००। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।पालिकाले करारमा ६ जना पलम्बर र ६ जना इलेक्ट्रिसीयन लाई नियुक्त गरी मासिक रु १९०००।का दरले रु ३०८४०००।खर्च लेखेको छ । गाउँपालिकाको लागि १२ जना सम्म पलम्बर तथा इलेक्ट्रीसियन आवश्यक पर्ने हो होइन यस तर्फ पालिकाले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।त्यसै गरी पालिकाले माथि उल्लेखित पद वाहेकका स्वास्थ्य तर्फका ५ जना, सहायक कम्प्युटर ५ जना, अन्य ३ समेत जम्मा १३ जना स्वीकृत दरवन्दी नभएका कर्मचारी नियुक्ति गरी तलव, चाडपर्व र पोशाकमा रु. ३५०९१४०।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३५,०९,१४० |

४३ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।इस्मा गाउँपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७८ स्विकृत गरेको छ ।स्वीकृत कार्यविधिको बुदा न ३ मा कार्यालय समया भन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार कार्यालय प्रमुखले तोकेको समयमा कार्य सम्पादन गरेमा अधिकृत स्तरका कर्मचारीलाई प्रतिघण्टा रु ३००।सहायक स्तर कर्मचारीलाई प्रतिघण्टा रु २००।र श्रेणीविहिन कर्मचारीलाई रु १००। का दरले भत्ता दिने उल्लेख गरेको छ ।पालिकाले अतिरिक्त समयमा गरिने विशेष काम र सोको नतिजा प्रमाणित नगराई अतिरिक्त समय मात्रै प्रमाणित गराएको तथा सम्पूर्ण समयावधिको विद्युतीय हाजिर प्रणालीमा रेकर्ड नभएको पालिकाले कार्यविधी बनाई अतिरिक्त समय प्रोत्साहन भत्ता वापत रु. १२०००००।- खर्च लेखेको छ । पालिकाको आन्तरिक आम्दानी न्युन रहेको अवस्थामा आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम कार्यविधि बनाई खर्च लेख्नुपर्दछ ।

४४ **बैठक भत्ता**

कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले दरभाउपत्र मुल्यांकन समितिको बैठकबाट २०८० मंसिर र २०८१ असारमा गरी रु.२३६५००।०० खर्च गरेको देखिन्छ । कार्यालयले एउटै निकायको पदाधिकारी तथा कर्मचारीलाई कार्यालय समय भन्दा अघी पछी वैठक वसेको निर्णय पेश गरी बैठक भत्ता भुक्तानी लिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

४५ **योजना अनुगमन भत्ता**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न

मितिमा योजनाहरुको अनुगमन गरे वाफत अनुगमन समितिका पदाधिकारीलाई भत्ता रु.९०३५०१। भुक्तानी गरेको छ ।ऐनको उक्त प्रावधान विपरित भएको खर्च नियमसम्मत नदेखिएको रु.

| गो भौ न | अनुगमन समितिको नाम | अनुगमनको विवरण | अनुगमन खर्च |
|---|---|---|---|
| ७७६।३।२३ | अनुगमन समिति | विभिन्न योजना | ३०७५०१ |
| ७२४।३।२० | वडास्तरीय अनुगमन समिति वडा २ | वडामा संचालन योजना | ९९००० |
| ७२५।३।२० | वडास्तरीय अनुगमन समिति वडा १ | वडामा संचालन योजना | ९९००० |
| ७२६।३।२० | वडास्तरीय अनुगमन समिति वडा ४ | वडामा संचालन योजना | १००००० |
| ७२७।३।२० | वडास्तरीय अनुगमन समिति वडा ३ | वडामा संचालन योजना | १००००० |
| ७३६।३।२१ | वडास्तरीय अनुगमन समिति वडा ५ | वडामा संचालन योजना | ९९००० |
| ७३८।३।२२ | वडास्तरीय अनुगमन समिति वडा ६ | वडामा संचालन योजना | ९९००० |
| जम्मा | | | ९०३५०१ |

| | |
|---|---|
| अनियमित भएको | ९,०३,५०१ |

४६ **समितिको बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१४,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१४,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४७ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६६ लाख ६८ हजार सुविधा वापत भुक्तानी भएको विवरण पेश भएको छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ५ | सभाका सदस्य १८ | जम्मा |
|---|---|---|---|---|---|---|
| यातायात खर्च | ० | १४४००० | ८४०००० | ३६०००० | ६४८००० | १९९२००० |
| टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २५२००० | १८००० | ५४०००० | १०५०००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २५२००० | १८०००० | ४३२००० | ९६०००० |
| समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ५०४००० | ३००००० | ६४८००० | १६६८००० |
| अतिथि सत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| खानेपानी/बिजुली/सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ५०००० | १२६००० | २९०००० |
| मर्मत सम्भार विद्युत उपज | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| जम्मा | | | | | ६६६८००० | |

४८ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचीमा उल्लेख भए बमोजिम दैनिक भत्ता पाउने उल्लेख छ ।पालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीको मुख्य कार्यक्षेत्र गाउँपालिका भित्रको स्थान रहेकोमा पालिकाबाट कर्मचारी र जनप्रतिनिधिहरु विभिन्न मितिमा पालिका भन्दा बाहिर काठमाण्डौ, बुटवल, प्रदेश राजधानी लागायका विभिन्न स्थानमा सरकारी कामकाजको लागि भ्रमण गरेको भनि यस वर्ष दैनिक भ्रमण भत्तामा रु.४१०००००।- खर्च लेखेको छ । भ्रमणमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरुले सरकारी कामकाजको लागि भनि पटक पटक भ्रमण वा काजमा खटिएकोमा भ्रमण भत्ता लिने गरेको तर भ्रमणमा सम्पादन गरेको सरकारी काम विवरण सहित भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । सरकारी कामको सिलसिलामा भ्रमण वा काजमा जाने पदाधिकारी तथा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्नु पर्दछ ।सरकारी कामकाज वेगर काजमा खटिएको भनि भ्रमण आदेश स्वीकृत गरी खर्च लेख्ने कार्यमा पालिकाबाट नियन्त्रण गर्नुपर्दछ ।

४९ **गत आर्थिक वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भन्ने उल्लेख गरेको छ भने नियम १३ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी रहेको स्वीकृत दरबन्दीको तलव, महङ्गी भत्ता. स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाँडा, पोशाक, खाद्यान्न, औषधि उपचार विरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, सम्झौता बमोजिमको रकम चालु वर्षको बजेटले नखामेमा खर्चको सम्वन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गराई राख्नु पर्ने उल्लेख गरेको छ ।पालिकाले चालु वर्षमा सुत्रको समस्याले माथि उल्लेखीत शिर्षक र अन्य शिर्षकको दायित्व आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरणमा कार्यालय प्रमुख र लेखा प्रमुखबाट प्रमाणीत गरी बजेट समेत बिनियोजन गरी यस वर्ष रु १०२४५२५।- भुक्तानी दिएको छ । पालिकाले विनियोजित बजेटले खाम्ने गरी खर्च गर्ने, दायित्व सिर्जना नहुने गरी खर्च गर्नुपर्ने र कार्यविधिमा उल्लेखित खर्च शिर्षकको मात्र दायित्व सिर्जना गरी भुक्तानी दिन बाकीको विवरणको प्रमाणित गरी राख्नु पर्नेमा अन्य शिर्षकको पनि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गो भौ न | खर्चको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ३२४।११।११ | मर्मत खर्च | २१७४००। |
| ३८६।०८०।१२।२६ | अनुगमन समितिको भत्ता | ३२४४००। |
| ३८७।०८०।१२।२६ | खरिद समितिको बैठक भत्ता | २९२७२५। |
| ६५१।०८१।३।१४ | विविध खर्च | १९००००। |
| जम्मा | | १०२४५२५। |

| | |
|---|---|
| अनियमित भएको | १०,२४,५२५ |

५० **एकल महिला तथा पुरुषलाई भत्ता**

इस्मा गाउँपालिकाले एकल महिला तथा पुरुषलाई सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्याविधि २०८० स्वीकृत गरेको छ । उक्त कार्यविधिमा एकल महिला भन्नाले विवहा गरी सम्वन्ध विच्छेद भएको न्यायिक पृथकिकरण गरी बसेको र अर्को विवाह नगरेको ५५वर्ष सम्म अविवाहित रहेको महिला सम्झनु पर्ने उल्लेख गरेको छ । कार्यविधिको बुंदा नं. ५ मा एकल महिला तथा पुरुषलाई मासिक रुपमा रु १०००। भत्ता पाउने उल्लेख गरेको छ ।पालिकाले यस वर्ष ५५ जना एकल पुरुष र ३ जना महिलालाई मासिक रु १०००।- का दरले भत्ता वितरण गरी रु १११८०००।- सामाजिक सुरक्षा भत्ता खर्च लेखेको छ ।सामाजिक सुरक्षा भत्ता संघीय सरकारबाट छुट्टै कार्यविधि

बनाएर वितरण गरीरहेकोमा पालिकाबाट अविवाहित महिला तथा पुरुषको लागि बजेटमा विनियोजन गरी सामाजिक सुरक्षा भत्ता खर्च लेखेको नियन्त्रण गर्नुपर्दछ ।

५१ **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष कार्यालय सामाग्री तथा मसलन्दमा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ पटक पटक गरी कोटेसनबाट रु २८४००००।- को सामान सोझै खरिद गरेको देखियो । यसरी प्रतिस्पर्धा सिमित नहुने गरी वोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रुपमा मितव्ययि हुने गरी खरिद गर्नुपदर्छ ।

५२ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ मा पालिकाले बजेट विनियोजन गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनामा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार सवारी साधन प्रयोग गर्ने पदाधिकारीलाई मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने उल्लेख गरेको छ ।पालिकामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकल समेत पालिकाले मासिक १० लिटरको दरले र पदाधिकारीले प्रयोग गर्ने सवारीसाधनमा पालिकाले इन्धन प्रयोग गरी रु ३६२६०००।- खर्च लेखेको छ । पालिकाले सवारीसाधनमा खर्च गरेको इन्धनको अभिलेख र इन्धन खर्चको विलसगै इन्धन प्रयोग भएको कुपन नम्वर, सवारी साधनको नम्वर र इन्धनको परीमाण समेतको विवरण उल्लेख गरी खर्च लेखनुपर्नेमा इन्धनको परीमाण र रकम मात्र उल्लेख गरेकोले कुन कुन साधनमा कति परिमाणमा इन्धन प्रयोग भएको भनि एकिन गर्न सकियन । अत : पालिकाले इन्धन प्रयोग गर्ने सवारी साधनवाइज अभिलेख राख्ने र कानुनमा उल्लेख भए अनुसार इन्धन सुविधा कर्मचारी तथा पदाधिकारीले प्रयोग गर्ने सवारी साधनमा मात्र इन्धन खर्च लेखी इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५३ **जनतासंग जनप्रतिनिधि कार्यक्रम**

गो.भौ.न. ५७२।०८१।३।३, पालिकाको स्वीकृत कार्यक्रम अन्तरगत जनतासंग जनप्रतिनिधि कार्यक्रम संचालन गर्न सुसम मिडिया प्रा.ली. संग २०८१ साल पुष १ देखि ०८१ साल जेठ ३० सम्म हरेक हप्ता एक पटक सामुदायिक रेडियो धुर्कोट, सामुदायिक रेडियो पुष्पाञ्जली र सुसम मिडिया प्रा.ली. को फेसबुक पेज लाईभ र विभिन्न व्यक्तीसंग भेटेर प्रासारण गर्ने गरी रु १४७७००।- मा पालिकासंग सम्झौता गरी सुसम मिडिया प्रा.ली लाई भुक्तानी दिएको छ ।सुसम मिडियाले कुन कुन मितिमा प्रसारण गरेको अभिलेख नरहेको, पालिकाले निर्माण गरेका योजना तथा संचालन गरेका गतिविधिहरु पालिकाको फेसबुक पेजबाट लाइक गरेर हेर्न सकिनेमा सुसम मिडियाको फेसबुक पेज लाइभबाट तथा अन्य मिडियाबाट प्रसारण गर्ने गरी सम्झौता गर्नु भन्दा जनप्रतिनिधिहरु स्वयम जनताका घर दैलोमा गयर पालिकाले संचालन तथा निर्माण गरेका योजनाका बारेमा जानकारी दिने तथा अन्य सुझाव समेत लिने गरी प्रतिनिधिले कार्यक्रम संचालन गर्दा प्रभावकारी हुने देखिन्छ ।अत : सुसम मिडियाले कुन कुन मितिमा जनतासंग जनप्रतिनिध प्रत्यक्ष कार्यक्रम प्रसारण गरेको हो सोको प्रमाण र कानुन बमोजिम दर्ता भएको प्रा ली जारी गरेको कर विजकमा खर्चको विवरण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४७,७०० |

५४ **निशुल्क परीक्षा संचालन खर्च**

नेपाल सरकारले माध्यामीक विद्यालय सम्म निशुल्क शिक्षा संचालन गर्ने निति रहेको छ ।सरकारले शिक्षा निशुल्क गरेको माध्यामिक विद्यालयमा संचालन गरीने परीक्षामा परीक्षा संचालनको कापी छपाई तथा विभिन्न मितिमा परीक्षा संचालनको लागि बैठक रु.२४७६४१।- भत्ता समेत रु.१२४२२६३।- खर्च गरेको छ । पालिकाको आन्तरिक आय समेत न्युन रहेकोमा परीक्षा संचालन खर्चमा मितव्ययी अपनाई खर्च गर्नुपर्दछ ।

## ५५ लेखापरीक्षण शुल्क

कुनै पनि संस्थाको आफनो खर्च आफैले भुक्तानी गर्नुपर्ने कानुनी व्यवस्था छ ।पालिका भित्र गठन भई दर्ता भएका ५१ वटा टोल विकास संस्थाको लेखापरीक्षण शुल्क रु.२५००००।- लेखापरीक्षक हरिलाल पन्थी एण्ड एसोसियटसलाई पालिकाबाट भुक्तानी दिएको छ । टोल विकास संस्थाको आय व्ययको लेखापरीक्षण शुल्क टोल विकास संस्थामार्फत भुक्तानी दिनु पर्नेमा पालिकालाबाट दर्तावाल टोल विकास संस्थाको लेखापरीक्षण शुल्क खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

## ५६ मोबाइल खरिद

कानुनमा उल्लेखित सुविधा पदाधिकारी तथा कर्मचारीलाई प्रदान गर्नुपर्दछ । पालिकाले आर्थिक प्रशासन प्रमुख र जिन्सी शाखा प्रमुखलाई २ वटा मोबाइल खरिद गरी रु.८९०००।- खर्च लेखेको छ ।कानुनमा आर्थिक प्रशासन प्रमुख र जिन्सी शाखा प्रमुखलाई कर्मचारीलाई मोबाइल खरिद गरी दिन मिल्ने उल्लेख नगरेकोले यसरी जिन्सी खरिद गरी सुविधा दिन कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ५७ वितरणमुखी तथा अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाइ लागु गर्नु पर्ने उल्लेख छ ।त्यस्तै उत्पादनमुल तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाइ प्राथमिकता दिनुपर्नेमा पालिकाले वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ ।नमुना छनोटको आधारमा परिक्षण गरेकोमा वितरणमुखी कार्यमा वजेट विनियोजन गरी रु १७८०३४०।- खर्च गरेकोले यस्ता कार्यक्रममा खर्च नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न मिति | वितरीत सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|
| २५७।०८०।९।२३ | पञ्चेबाजा सेट विवरण | १६९५०० |
| ३७८।०८०।१२।२५ | टनेल वितरण ७५ प्रतिशत | १९८५६३ |
| ५८९।०८१।३।५ | मिनिटिलर ३ वटा ५० प्रतिशत | ८२५०० |
| | कम्वाईन मिल ६ गोटा | १०५००० |
| | मकै छोडने मेशिन २ गोटा | १०५०२ |
| २५६।०८०।९।२९ | खेलकुदका सामाग्री खरिद गरी | ९९९५९ |
| २६८।०८०।१०।१९ | माघेसक्रान्ती मेला | १५०००० |
| ७१३।०८१।३।२० | थापा कृषि तथा पुशपन्छि फर्मलाई भैसी ४ वटा ५० प्रतिशतमा अनुदान | ३०७००० |
| | रेशमी पशुपन्छीलाई वंगुर अनुदान | १००००० |
| ७५९।०८१।३।२० | एकीकृत पशुपन्छीलाई ४ वटा गाई ५० प्रतिशत अनुदान | ११६७०० |
| | सर्वजित सावित्रा कृषीफर्म वंगुर ५० प्रशसत अनुदान | २४०६१६ |
| ८००।०८१।३।२३ | वाख्रा प्रवर्द्धन कार्यक्रमको खोर निर्माण तथा मर्मत ७५ प्रतिशत अनुदानमा कृषि फर्म तथा व्यक्ति | २००००० |
| जम्मा | | १७८०३४० |

पालिकाको अनुदानमा खरिद गरेको गाई, भैसी तथा वंगुरको पशु विमा नगरेकोले बिमा गराउन पालिकाले ध्यान दिनुपर्दछ ।

## ५८ समानीकरण अनुदानबाट शिक्षकको तलव

अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान वेगर तथा बालविकास सहजकर्ता नियुक्त गरी पालिकाबाट रु.५८६००००।- शिक्षकको तलव भत्तामा भुक्तानी गरेको छ ।शसर्त अनुदानबाट तलव भत्ताको व्यवस्था भएकोमा वित्तीय समानीकरणबाट अनुदानबाट प्रशासनिक कार्यमा बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा ९ जना निजि शिक्षकको तलब भत्तामा रु. १९८५०००।०० खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १९,८५,००० |

## ५९ शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्या

स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ४५ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

| क्र. सं. | वडा | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | पदपूर्ती संख्या | पदपूर्तीमध्ये कारार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | श्री आनन्दपुर मा वि | १३ | १३ | ६ | २४१ | १९ | |
| २ | ६ | श्री अमरपुर ओमप्रसाद गौतम मा वि | १७ | १७ | ६ | ३५५ | २१ | |
| ३ | २ | श्री वेदादि प्रा. वि. | ४ | ४ | २ | ३९ | १० | |
| ४ | ५ | श्री भगवती प्रा. वि. | १ | १ | १ | १० | १० | |
| ५ | ५ | श्री विद्यादेवी प्रा. वि. | १ | १ | १ | १२ | १२ | |
| ६ | ६ | श्री बुल्म प्रा. वि. | ५ | ५ | २ | ९२ | १८ | |
| ७ | ४ | श्री चन्द्र आ. वि. | ६ | ६ | ३ | ११४ | १९ | |
| ८ | ५ | श्री चाँपटारी बा. वि. के. | १ | १ | १ | ३ | ३ | |
| ९ | ३ | श्री दर्लामचौर प्रा. वि. | ३ | ३ | १ | २३ | ८ | |
| १० | ४ | श्री देउराली प्रा. वि. | १ | १ | १ | २ | २ | |
| ११ | ४ | श्री देउराली आ.वि | ७ | ७ | ५ | ११९ | १७ | |
| १२ | ६ | श्री देविस्थान प्रा.वि | ५ | ५ | २ | ६५ | १३ | |
| १३ | ४ | श्री देविस्थान आ.वि | ४ | ४ | ३ | ५५ | १४ | |
| १४ | २ | श्री देविस्थान मा.वि. | १६ | १६ | ९ | ३०८ | १९ | |
| १५ | ६ | श्री गहतेरा प्रा वि | २ | २ | १ | २५ | १३ | |
| १६ | ६ | श्री गो र कु लो प्रा वि | ५ | ५ | ३ | ६६ | १३ | |
| १७ | १ | श्री हिमालय मा वि | २७ | २७ | १४ | ३१२ | १२ | |
| १८ | १ | श्री जालपा प्रा वि | १ | १ | १ | ५ | ५ | |
| १९ | १ | श्री जनज्योति प्रा वि | ५ | ५ | ३ | ५७ | ११ | |
| २० | १ | श्री जनजागृति वालविकस केन्द्र | १ | १ | १ | ८ | ८ | |
| २१ | २ | श्री जनज्योति आ वि | ६ | ६ | ४ | १०० | १७ | |
| २२ | ४ | श्री जनशक्ति प्रा वि | १ | १ | १ | १२ | १२ | |
| २३ | २ | श्री जनता प्रा वि | ३ | ३ | २ | २७ | ९ | |
| २४ | ३ | श्री कालिका वालविकास केन्द्र | १ | १ | १ | ८ | ८ | |
| २५ | ३ | श्री कालिका प्रा वि | २ | २ | १ | २३ | १२ | |
| २६ | ४ | श्री कालिका आ वि | ५ | ५ | ३ | १३६ | २७ | |
| २७ | ५ | श्री खड्ग प्रा वि | १ | १ | १ | १४ | १४ | |
| २८ | ५ | श्री कुमारी आ वि | ८ | ८ | ४ | १३६ | १७ | |
| २९ | ४ | श्री मनकामना प्रा वि | ५ | ४ | २ | ६५ | १३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३० | २ | श्री नमूना प्रा वि | १ | १ | १ | ६ | ६ | |
| ३१ | ४ | श्री ने रा प्रा वि | १ | १ | १ | १३ | १३ | |
| ३२ | २ | पालुखा मा वि | १५ | १५ | ११ | ३३२ | २२ | |
| ३३ | ४ | श्री रामराज्य मा वि | २३ | २३ | ८ | ५२९ | २३ | |
| ३४ | २ | श्री रातचौर प्रा वि | २ | २ | १ | २० | १० | |
| ३५ | १ | श्री रातचौर प्रा वि | २ | २ | १ | ११ | ६ | |
| ३६ | ८ | श्री शहिद प्रा वि | १ | १ | १ | १४ | १४ | |
| ३७ | ६ | श्री सरस्वती आ वि | ८ | ८ | ५ | १८३ | २३ | |
| ३८ | ६ | श्री सरस्वती प्रा वि | ४ | ४ | १ | ६४ | १६ | |
| ३९ | ५ | श्री शिवजी प्रा वि | ३ | ३ | १ | ३३ | ११ | |
| ४० | ५ | श्री सिद्ध प्रा वि | ५ | ५ | ३ | ६५ | १३ | |
| ४१ | १ | श्री सुनभद्रा प्रा वि | ३ | ३ | २ | ४६ | १५ | |
| ४२ | ३ | श्री सुन्तलादेवि आ वि | ९ | ९ | ४ | १५७ | १७ | |
| ४३ | ४ | श्री सूर्योदय प्रा वि | ३ | ३ | ३ | २१ | ७ | |
| ४४ | ३ | श्री ठाडढुङ्गा मा वि | १५ | १५ | ८ | २८६ | १९ | |
| ४५ | २ | श्री ठूलाखोला वालविकास केन्द्र | १ | १ | १ | १९ | १९ | |
| कुल जम्मा | | | २५३ | २५२ | १३७ | ४२३१ | १७ | |

पालिकाबाट प्राप्त विद्यालय शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ४५ विद्यालयमा २५२ शिक्षक रहदा जम्मा विद्यार्थी ४२३१ जना रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ । १३७ शिक्षक करारमा नियुक्त छन् । शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

६० **शीर्षक फरक पारी खर्च**

एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा खर्च शीर्षक उल्लेख गरेको र सोही अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेमा खर्च गर्न सकिने उल्लेख छ । पालिकाले बजेट खर्च उपशीर्षक नं. २२५२२ मा सेनेटरी प्याड खरिदमा विनियोजित रकम सम्बन्धित खर्च शीर्षकमा खर्च नगरी बजेट उपशीर्षक नं. २२३१९ निशुल्क पाठ्य पुस्तकमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,४३,००० |

६१ **शिक्षा तर्फ**

**(क)** सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन

गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

**(ख)** बिद्यालयहरुको लेखापरीक्षण: पालिकामातहतकाविद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ ।पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुको आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण गराएको बिबरण प्राप्त भएको जनाए तापिन लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन ।अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ। साथै दर्तावाल लेखापरीक्षकहरुले लेखापरीक्षण प्रतिवेदनमा Unique Document Identification Number (UDIN) प्रयोग गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

**(ग)** अनुगमन: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

**(घ)** विद्यालयको भौतिक पूर्वाधार व्यवस्था : पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**(ङ)** कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,

**(च)** संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

यस तर्फ सुधार हुनुपर्दछ ।

## ६२ राष्ट्रिय शिक्षा नीतिको कार्यावन्वयन

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

- तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ।

६३ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्नेछ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत १५४.५५ दिनको २६५७ विद्यार्थीको तपशिल बमोजिम गो.भौ. र मितिबाट रु. ६२८४६५५।– अनुदान उपलब्ध गराएको छ। ४६ विद्यालयहरुलाई उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन:

| गो. भौ . र मिति | दिवा खाजा रकम |
|---|---|
| २५८- २०८०।१०।२२ | १६६४५३५ |
| ३२९- २०८१।२।१ | ३११४९१५ |
| ३९७- २०८१।३।१४ | १५०५२०५ |
| जम्मा | ६२८४६५५ |

१. स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र. ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।

२. विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वियन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

३. विद्यालयले स्थानीय कृषक संग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र बील भरपाई सुरक्षित रुपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमिति बाट अनुमोदन गर्ने व्यवस्था नमिलाई खाजा खर्च निकासा दिइएकोले गुणस्तरीय खाजा खुवाएको सुनिश्चित हुने आधार नभएकोले सोको अनुमोदन हुनुपर्छ।

६४ **शिक्षण सहयोग अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक

संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान शिक्षक संख्या |
|---|---|---|
| कक्षा ९ र १० | | |
| पालुखा मा. वि . | ९८ | २ |
| देविस्थान मा. वि . | ६० | २ |
| कक्षा ६ देखि ८ | | |
| जनज्योती आ. वि . | ४१ | १ |
| देविकास्थान आ. वि . | २४ | १ |
| कालिका आ. वि . | २७ | १ |
| चन्द्र आ. वि . | ३७ | १ |
| कुमारी आ. वि . | ५२ | १ |
| सरस्वती आ. वि . | ८६ | १ |

६५ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्ध गराउने अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । पालिकाले यो वर्ष गो.भौ.नं. २९३/०८०।१२।२५ बाट रु. ६४६८७८।-, गो.भौ.नं. ३९३/०८०।१२।२५ बाट रु, ८४३००० र ३९७/०८१।३। १४ बाट रु. ८८५००७।- गरी जम्मा रु. २३७४८८५।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यार्थीले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको पालिकाले अनुगमन गरेको पाइएन । अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।

६६ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२०९,९१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६७ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष गो. भौ. नं. ३१०-२०८१।१।१४ टेण्डरबाट औषधि तथा सर्जिकल सामान समुद्रमेडिको फर्माबाट रु ५ लाख ४९ हजार ९९५ , भौ.नं. ४१५-२०८१।३।१९ र भौ.नं. २-२०८०।९।२ बाट सिधै क्रमश: १७ र ५१ प्रकारका औषधिहरु रु, ५८०१३२ र ९९९७७३ गरी कुल जम्मा २१ लाख २९ हजार ९०० को खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

**१.** खरिद भएका औषधिहरुको मूल्य उत्पादकले राष्ट्रियस्तरको समचारपत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उप्पादित औषधि पालिकाले खरिद गरेको छैन ।

**२.** स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि विक्रिका लागि होइन भन्ने प्रमाण समावेश गरेको छैन ।

**३.** औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भइ आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।

**४.** व्ययभार पारेको – पालिकाले बोलपत्र र कोटेशन मार्फत सिधै औषधि खरिद गर्दा बोलपत्र भन्दा सिधै खरिद गर्दा तपशिल अनुसारका औषधिहरु बढी दरमा खरिद गरेकोले थप व्यभार परेको रु,

| क्र. सं . | औषधिको नाम | बोलपत्रको दर | सिधै खरिद गर्दाको दर | फरक दर | सिधै खरिद परिमाण | फरक मुल्य |
|---|---|---|---|---|---|---|
| १ | Amoxycillin cap 500mg | ३.८ | ५.९ | २.१ | १००० | २१०० |
| २ | Calcium 500mg tab | ०.६५ | ४. | ३.३५ | ४१००० | १३७३५० |
| ३ | Metronidagole 400mg tab | ०.९५ | २.३ | १.३५ | ४००० | ५४०० |
| ४ | Ranitidine150mg tab | ०.८ | २.२६ | १.४६ | ३१००० | ४५२६० |
| ५ | Amlodipin5mg tab | ०.४ | २.८१ | २.४१ | ६५००० | १५६६५० |
| ६ | VitaminB-complex | ०.६५ | २.२ | १.५५ | ३००० | ४६५० |
| जम्मा | | | | | | ३५१४१० |

**५.** खरिद भएका औषधिहरु स्टोर दाखिला गर्दाको समयमा १८ महिना भन्दा बढी म्याद भएको अर्थात सेल्फ लाईफको ७५ प्रतिशत म्याद हुनुपर्ने व्यवस्था छ। समुन्द्र मेडीको फर्मा बाट मिति २०८०।११।२८ मा खरिद गरिएका ४६ प्रकारका औषधिहरु मध्ये दाखिला मिति २०८०।१२।६ अर्थात २०२४ मार्च १९ को हिसावले औषधिहरुको म्याद कम्तिमा २०२५ सेप्टेम्बर १९ भन्दा बढी म्याद भएको औषधि खरिद गर्नुपर्नेमा तपशिल अनुसार उदाहरणको रुपमा राखिएका केही औषधिहरुको म्याद १८ महिना भन्दा कम अवधि भएको पाईयो। तसर्थ पालिकाले पुरा म्याद भएको औषधि खरिद गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| क्र. सं . | औषधिको नाम | व्याच नं. | अन्तिम म्याद | खरिद परिमाण |
|---|---|---|---|---|
| १ | Salbutamol 4mg | Alt01002 | Aug-25 | २०००० |
| २ | Metoclopramide10mg | 1031 | Apr-25 | १८०० |
| ३ | Jinc20mg | 1002 | Aug-25 | ६००० |
| ४ | Metronidazolesyrup | 90010 | Aug-25 | २०० |
| ५ | Fursemide40mg tab | T33AL22 | Jul-25 | १००० |

**६.** खरिद तथा हस्तान्तरण भई पालिकामा प्राप्त औषधिहरु स्वास्थ्य चौकीको मागको आधारमा निकासी तथा हस्तान्तरण गर्नु पर्नेमा पालिकाले २०८०।१२।६ मा दाखिला भएका औषधिहरु ८ वटा स्वास्थ्य चौकीमा मिति २०८०।१२।९, २०८०।१२।१२ र २०८०।१२।१३ गरी ३ दिनमा ४६ प्रकारका औषधिहरु हस्तान्तरण गरेकोले मागको आधारमा औषधि हस्तान्तरण गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,५१,४१० |

६८ **कृषि तथा पशुप्रबर्द्धन कार्यक्रम**

पशुपंक्षि तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ अनुसार कृषकलाई सुचना प्रवाह गरेर सूची तयार गर्ने सूचिकृत व्यवसायीलाई निश्चित मापदण्ड तयार गरी मुल्यांकन गर्ने , व्यवसायी विस्तारको मापदण्ड तयार गर्ने , कार्यक्रम कार्यान्वय कार्यदल गठन गर्ने, २ पक्ष संझौता गर्ने , कार्यक्रमको प्रकृति अनुसार आवश्यक मेशिनरी औजार ,यन्त्र उपकरण , विशेष प्रकारको तोकिए बमोजिमको ढुवानी साधनको व्यवस्थापन गर्ने,संझौता अनुसार सम्पादित कामको अनुगमन गरी कार्य प्रगति संझौता अनुसार भएमा अनुदान रकम भुक्तानीका लागि शिफारिस गर्ने आदी व्यवस्था छ। पालिकाले तपशिलमा उल्लिखित विभिन्न कार्यक्रमको लागि ५० प्रतिशतको अनुदानमा रकम उपलब्ध गराएकोमा पालिकाले मौरी प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८० समेत तयार गरी लागु गरेको अवस्थामा अनुगमन तथा मुल्यांकन गर्ने जिम्मेवारी पालिकाको भए तापनि अनुगमन मुल्यांकन भई प्रगति प्रतिवेदनको समिक्षा गरेको छैन भने मौरी पालन व्यवसायको सम्भाव्यताको आधारमा बीमा गराउने व्यवस्था भएपनि बीमा गर्ने गरेको छैन।

| गो. भौ . र मिति | कार्यक्रमको नाम | क्रियाकलाप | ५० प्रतिशत अनुदान रकम |
|---|---|---|---|
| ४२३ – २०८१।३।२० | मौरी प्रवर्द्धन कार्यक्रम | मौरी सहितको गोलघार लगाएत अन्य सामान खरिद तथा वितरण | ९४२०९० |
| ४१९ – २०८१।३।२० | पशु प्रवर्द्धन कार्यक्रम | उन्नत भैसी खरिद र बंगुर पालन | ४२०००० |
| ४३१ – २०८१।३।२२ | एकिकृत पशुपंक्षी तथा कृषि कार्यक्रम | बंगुर पालन र गाई पालन | ३७६००० |
| जम्मा | | | १७३८०९० |

६९ **किसान सूचिकरण**

किसान सूचिकरण कार्यक्रम कार्यान्वय कार्यविधि ,२०७७ मा किसान सूचिकरण प्रणालीको कार्यान्वयन अवस्थाको संघ प्रदेश तथा स्थानीय तहको सम्बन्धित निकायले अनुगमन गर्ने व्यवस्था छ। संकलित विवरण तथा तथ्यांक सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने व्यवस्था छ। पालिकाले वडा नं. २ र ४ मा संचालन गरिएको किसान सूचिकरण कार्यक्रमको लागि यो वर्ष २ लाख १ हजार ७०१ खर्च गरेकोमा वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छैन।

७० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा २१ वटा योजना संचालन गरी ६६ जनालाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई रु ४४०८८०० । खर्च गरेको छ । नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

**(क) दुर्घटना बिमा:** निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

**(ख)** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र

मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ ।

७१ **शसर्त अनुदान फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८०,०५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२ **बाख्रा प्रवर्द्धन कार्यक्रम**

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि , २०८० परिच्छेद २ को ६.२.२ मा पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत अनुदानमा बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गर्ने व्यवस्था छ ।यस वर्ष बाख्रा प्रवर्द्धनका लागि रु, १० लाख बजेट विनियोजन भएकोमा ६ लाख खर्च भएको छ। सो बमोजिम पालिकाले बाख्रा प्रवर्द्धन कार्यक्रमका लागि विभिन्न भौचरहरुबाट खोर मर्मत तथा सुधार , उन्नत घास वितरण र वीउ बोका वितरण गरेको भनी जनाएको छ।यसरी कार्यक्रम संचालन गर्दा पालिकाले प्रभावकारी रुपमा अनुगमन गरेको पाइएन। यसमा सुधार हुनुपर्छ।

७३ **सामाजिक सुरक्षा**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,७४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२२,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७४ **रसिद नियन्त्रण खाता**

यस इस्मा गाउँपालिकाले विभिन्न शाखा मार्फत राजस्व संकलन गर्नका लागि विद्युतीय राजस्व संकलन बाहेक आ.व. २०८०।८१ मा १ ठेली अल्या सहित ४ वटा नगदी रसिद प्रयोगमा ल्याइएको पाइयो। यसरी नगद रसिद वितरण गर्दा सम्बन्धित व्यक्तीले बुझेको नाम र दस्तखतको प्रमाण समेत रसिद नियन्त्रण खातामा अद्यावधिक गरेको हुनुपर्छ।तर पालिकाले रसिद नियन्त्रण खातामा अभिलेख राखेको पाईएन। रसिद नियन्त्रण खाताको अद्यावधिक नगराई नगदी रसिद वितरण गरी राजस्व उठाउदा वास्तविक आय कति प्राप्त भयो र कति दाखिला हुनुपर्छ भन्ने कुराको यकिन गर्न सकिदैन । यस सम्बन्धी पालिकाले यकिन गरी असुल गर्नु पर्दछ।लेखापरीक्षण क्रममा प्राप्त ठेलीहरु यस प्रकार छन्

| जिम्मा लिने व्यक्ति | उठाइएको रसिद नं. | रसिद लगेको मिति |
|---|---|---|
| सिमा थापा | ६२९ देखि ७०० सम्म | २०८०।४।५ ( नगर प्रहरी ) |
| मनोज नेपाली | १ देखि ५०सम्म | २०८०।७।६ ( इस्मा अस्पताल ) |
| सिमा थापा | ५२०१ देखि ५३००सम्म | २०८०।९।१७( नगर प्रहरी ) |
| सिमा थापा | १९०१ देखि १९१७सम्म | २०८०।१०।२३( नगर प्रहरी ) |

साथै पालिकाले इस्मा अस्पतालबाट यस वर्ष राजस्व संकलन गर्दा ठेली काटेर रसिद सहित शुल्क उठाउनु पर्नेमा रजिस्ट्रर खातामा चढाएर शुल्क उठाइएको पाइयो। यसले गर्दा कुन-कुन शीर्षकमा कुन सेवाग्राहीबाट शुल्क उठाइएको हो भन्ने बारे यकिन गर्न सकिने अवस्था छैन यसमा सम्बन्धित निकायले अनुगमन गरी यकिन गर्नु पर्ने देखिन्छ।

७५ **राजश्व बाँडफाँट सम्बन्धी व्यवस्था**

ढुङ्गा, गिट्टी ,वालुवा उत्खनन , बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को १४ नं. बुँदामा गाउँपालिकाले नदीजन्य पदार्थको बिक्री एवम् अनुमति वा नवीकरण शुल्क वा करबाट संकलित राजश्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्ने उल्लेख छ। तर पालिकाले ठेक्का नं. २ चौरासी खोला वगर क्षेत्रबाट प्राप्त आय रकम रु. २५०००० को कवोल अंकमा संझौता बमोजिम समयमै एकमुष्ट रकम जम्मा गर्दा पाउने १० प्रतिशत छुट सहित हुन आउने रकम रु. २२५००० को साठी प्रतिशत रकम रु. ९०००० प्रदेश संचित कोषमा पठाएको देखिएन ।

७६ **ढुंगा गिट्टी बालुवा उत्खन्न**

ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २(क) मा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २(ख) बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४(क) बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४(ख) बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसै गरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वय सम्बन्ध परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्यी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएको छ यस सम्बन्धी विवरणहरु निम्न प्रकारका छन:

१. पालिकाले यस वर्ष ३ वटा ठेक्काबाट रु. २१५१८४६।०० दहतर बहत्तर वापत संकलन गरेको विवरण पेश भएको छ । पालिकाले घाटगद्धी अभिलेख नराखेको, ठेकेदारलाई रसिद दिए नदिएको सम्बन्धमा नखुलाएको, के कति परिमाणमा नदीजन्य पदार्थ उत्खन्न भएको सोको अभिलेख नराखेको, अनुगमन समेत नभएकोले घाटहरुमा भएको उत्खन्न परिमाण सम्बन्धमा बढी उत्खन्न भए नभएको

सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन । यस सम्बन्धमा पालिका जिम्मेवार भई नदीजन्य पदार्थ उत्खन्न सम्बन्धि कानुन तथा कार्यविधि अनुसार उत्खन्न सम्बन्धि कार्य लाई नियन्त्रण गर्न तोकिएको मापदण्ड तथा विधि प्रयोग गरी नियन्त्रण कायम गर्नुपर्दछ ।

२. ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार उपरोक्त व्यवस्था बमोजिम दैनिक उत्खन्न अभिलेख तथा दैनिक पटके विक्री तथा ढुवानी अभिलेख नराखेको, घाट गद्धी व्यवस्थापन नगरेको र अनुगमन समेत नभएकोमा ढुंगा गिट्टी उत्ख्न्न कार्य तोकिएको परिमाण भित्र नै भएको तथा स्रोत दोहन नभएको भन्न सकिने अवस्था छैन ।उपरोक्त व्यवस्थाहरुको पालना नगरी ठेक्का व्यवस्थापन गर्नु उचित देखिएन । यस सम्बन्धमा पालाकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

७७ **आय ठेक्का नलागेको**

इस्मा गाउँपालिकाले आ.व.२०८०।८१ मा जम्मा ६ वटा ठेक्का लगाएकोमा ३ वटा ठेक्का मात्र परेको र बाँकी ३ वटा ठेक्काको लागि पटक -पटक सुचना प्रकाशित गर्दापनि ठेक्का नपरेको पालिकाले जानकारी दिएको छ। तर ठेक्का नलागेको क्षेत्रमा बालुवा, गिट्टी, गिर्खा, माटो आदि चोरी निकासी हुने सम्भावना रहेकोले पालिकाले उत्खनन हुन सक्ने स्थानको निगरानी राख्नु पर्ने देखिन्छ । साथै पालिका आफैले स्रोत साधन र जनशक्ती परीचालन गरेर भए पनि आन्तरिक आयलाई बढाउनु पर्ने कुरामा पालिकाको ध्यान जानु पर्दछ । ठेक्का नलागेका विवरणहरु निम्नअनुसार छन:

| | |
|---|---|
| ठेक्का नं. १ | अरेधी खोला वगर क्षेत्र |
| ठेक्का नं. ३ | भगकाटे खोला क्षेत्र |
| ठेक्का नं. ४ | कुखुरेखोला देखि भगकाटे खोलासम्म |

७८ **चालु प्रकृतिका खर्च**

एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा खर्च शीर्षक उल्लेख गरेको र सोही अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा अनुसार खर्च गर्न सकिने उल्लेख छ । पालिकाले फर्निचर तथा फिक्स्चर्स शीर्षकबाट फर्निचर सम्बन्धि सामाग्री खरिद गर्नुपर्नेमा असार मसान्तमा फरक प्रकृतिका तथा मसलन्द सामाग्री खरिद गरेको नियम सम्मत नदेखिएको रु.

| भौ नं | कार्यक्रम शिर्षक | रकम रु | खरिद सामाग्री |
|---|---|---|---|
| २४३।०८१।३।५ | फर्निचर तथा फिक्चर्स | २३९१४ | फ्यान ५५०० ताला २ ८०० करुवा थर्मस आईरन बेडसिट तथा फ्रिज मर्मत |
| ३०१।०८१।३।१६ | | १८३११६ | |
| | | २०७०३० | |

| | |
|---|---|
| अनियमित भएको | २,०७,०३० |

७९ **निर्माण कार्यमा मितव्ययिता**

सार्वजनिक खरीद ऐन २०६३को दफा ८(२)मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरीद गर्दा प्रतिष्प्रर्धा सिमित हुने गरी खरीद गर्न नहुने व्यबस्था छ । प्राप्त विवरण अनुसार कार्यालयले यस बर्षको निर्माण सम्पन्न गर्दा पटक पटक गरि विभिन्न १४ आपूर्तिकर्ता तथा निर्माण व्यवसायीबाट लागत अनुमान रु. ८२ लाख ६९ हजार कै हाराहारीमा रु ८२ लाख १६ हजारको (औषतमा ०.६४ मात्र घटीमा) सम्झौता गरी रु. ८० लाख ३८ हजार भुक्तानी गरी सोझै खरिद गरेको छ । लागत अनुमानकै हाराहारिमा सोझै खरीद कार्य गरेका कारण खरीद कार्य मितब्ययी तथा प्रतिस्पर्धी देखिएन । साथै पालिकाले आर्थिक वर्षको अन्तिम त्रैमासिक तथा असार महिनामा दरभाउपत्र मार्फत रु. १० लाख भन्दा घटीका अधिकांश कार्यहरु गरेको पाईयो ।पालिकाले आर्थिक वर्षको शुरुमा खरिद कानुन बमोजिम खरिद योजना बनाई खरिद विधि तय गरी कार्य गरेको देखिएन ।पालिकाले खरीद तथा निर्माण कार्य गर्दा प्रचलित ऐन नियमको

अनुसरण गरि तोकिएको रकमको हद भित्र रही एकै प्रकृतिका खरिद तथा निर्माण कार्यको प्याकेजिंग गरेर थप प्रतिस्पर्धि तथा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सि. नं. | ठेक्का नं | आपूर्तिकर्ता।सप्लयायर्स।निर्माण व्यवसायीको नाम | निर्माण कार्य तथा सामाग्री को नाम | लागत अनुमान भ्याट समेत रु | घटी % | सम्झौता रकम भ्याट समेत रु | जम्मा भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| १ | DP/ ०८०/८१-०१ | यात्रा कन्स्ट्रकसन एण्ड सप्लायर्स | वार्ड नं २ सेफ्टी ट्यांक निर्माण | २९९,०३० | ०.०४ | २९८,९११ | २९५,८७२ |
| २ | DP/ ०८०/८१-०२ | श्री शँकर निर्माण सेवा छत्रकोट-१ हुगा | काफलडाँडा डपरी मो.बा तथा डेवरकोट ढल निमार्ण | ५४८,२८४ | ०.१६ | ५४७,४१४ | ४९९,९७२ |
| ३ | DP/ ०८०/८१-०३ | रकेट बिल्डर्स तानसेन ९ पाल्पा | सिमा बोर्ड तथा डिरेक्सन बोर्ड | ३९९,९६० | ०.२७ | ३९८,८९० | ३९८,८९० |
| ४ | DP/ ०८०/८१-०४ | दोहलीस्टार कन्स्ट्रक्सन प्रा ली इस्मा गाँउपालिका ४ गुल्मी | इस्माकोट प्रखाल तथा सिढी निमार्ण | ८४८,८६८ | ०.१६ | ८४७,४८८ | ८१६,९४१ |
| ५ | DP/ ०८०/८१-०५ | इस्माली देउराली कन्स्ट्रक्सन प्रा ली रेसुङगा नगरपालिका २ गुल्मी | भुलपोखरी देउराली इस्मा ४ | ५९९,७२३ | ०.२६ | ५९८,१९० | ५४६,६५० |
| ६ | DP/ ०८०/८१-०६ | खड्ग छत्र कन्स्ट्रक्सन सप्लार्यस प्रा ली इस्मा गाँउपालिका ५ गुल्मी | आन्दपुर मा बि ट्रस निमार्ण | ९९९,५०६ | ०.१८ | ९९७,७०५ | ९९६,३३६ |
| ७ | DP/ ०८०/८१-०७ | श्री थापा डिजाइनस एण्ड विल्डस प्रा ली काठमाडौ ३२ | आनन्दपुर मा बि शौचालय | ५२५,००० | ०.१८ | ५२४,०४६ | ५२२,६७६ |
| ८ | DP/ ०८०/८१-०८ | श्री गोपी किसान ग्रिल उधोग प्रा ली रेसुङगा नगरपालिका २ गुल्मी | वडा कार्यालय व्यावस्थापन | १४९,७६३ | १.१७ | १४८,०१४ | १४६,३४४ |
| ९ | DP/ ०८०/८१-०९ | श्री बि एन आल्मुनियम प्रा ली रेसुङ्गा ९ गुल्मी | कार्यालय पाटेसन तथा व्यावस्थान | ८००,००० | ०.५१ | ७९५,९३४ | ७६८,८८८ |
| १० | DP/ ०८०/८१-१० | श्री तालेघर कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा ली मघ्यपुर भक्तपुर | आनन्दपुर मा.बि तेस्रो तल्ला ब्यवस्थापन | १,०००,००० | २.७८ | ९७२,१८९ | ९६९,३३५ |
| ११ | DP/ ०८०/८१-११ | न्यू लिजा निर्माण सेवा प्रा ली लिवाङ ४ रोल्पा | खगरेटा हुला मो बा वडा ४ | ७००,००० | ०.७५ | ६९४,७६३ | ६८८,५६४ |
| १२ | DP/ ०८०/८१-१२ | करिशमा कन्स्ट्रकसन एण्ड सप्लायर्स चितवन | जैढुङ्गा बि पि पार्क तथा जलासय तट्बन्ध | ७४९,२४२ | ०.५६ | ७४५,०५५ | ७४१,४३० |
| १३ | DP/ ०८०/८१-१३ | श्री इस्माली देउराली कन्स्ट्रक्सन प्रा ली रेसुङगा नगरपालिका २ गुल्मी | निस्ति खानेपानी सामाग्री ब्याबथापन | ३००,००० | ०.१६ | २९९,५३४ | २९९,२८१ |
| १४ | DP/ ०८०/८१-१४ | श्री सिद्रिबिनायक निमार्ण सेवा कावसोती ३ | हे.पो.ट्रस व्यावस्थापन तथा कार्यालय झयाल निर्माण | ३५०,००० | ०.५२ | ३४८,१९४ | ३४७,६५० |
| | | | | ८,२६९,३७६ | ०.६४ | ८,२१६,३२५ | ८,०३८,८२९ |

## ८० कार्यालय भवन व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान

भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले कार्यालय भवन तथा कार्यकक्ष व्यवस्थापन गर्नका लागि आनन्दपुर माध्यमिक विद्यालयको भवनमा पालिकाको आवश्यकता अनुसार देहाय अनुसार सिलबन्दी दरभाउपत्र तथा कोटेशन बाट कार्य गराएको जनाएको छ ।

| सि. नं. | आपूर्तिकर्ता।सप्लयायर्स।निर्माण व्यवसायीको नाम | निर्माण कार्य तथा सामाग्री को नाम | लागत अनुमान भ्याट समेत रु | सम्झौता रकम भ्याट समेत रु | जम्मा भुक्तानी रु |
|---|---|---|---|---|---|
| १ | श्री तालेघर कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा ली मध्यपुर भक्तपुर | आनन्दपुर मा.वि. अधुरो भवन इस्मा-५ | १९९९७१५ | १४९९८०९ | १३८२२६० |
| २ | खड्ग छत्र कन्स्ट्रक्सन सप्लार्यस प्रा ली इस्मा गाँउपालिका ५ गुल्मी | आन्दपुर मा बि ट्रस निमार्ण | ९९९,५०६ | ९९७,७०५ | ९९६,३३६ |
| ३ | श्री थापा डिजाइनस एण्ड विल्डस प्रा ली काठमाडौ ३२ | आनन्दपुर मा बि शौचालय | ५२५,००० | ५२४,०४६ | ५२२,६७६ |
| ४ | श्री बि एन आल्मुनियम प्रा ली रेसुङ्गा ९ गुल्मी | कार्यालय पाटेसन तथा व्यावस्थान | ८००,००० | ७९५,९३४ | ७६८,८८८ |
| ५ | श्री तालेघर कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा ली मध्यपुर भक्तपुर | आनन्दपुर मा.बि तेस्रो तल्ला ब्यवस्थापन | १,०००,००० | ९७२,१८९ | ९६९,३३५ |

पालिकाले यस सम्बन्धमा पालिकाको केन्द्रमा कार्यालय भवन बनाउने योजना रहेकोमा केन्द्र छनौट कार्यमा मुद्धा परि विचाराधिन भएको अवस्थामा कार्यालय संचालनका लागि भवन र कार्यकक्ष व्यवस्थापन गर्न आक्समिक भएको र आवश्यकता अनुसार आनन्दपुर माध्यमिक विद्यालयको अधुरो भवन निर्माणाधिन रहेकोले सोही भवनमा कार्यालय व्यवस्थापनका लागि गर्नुपर्ने भएको र यस कार्यका लागि बजेट नरहेकोमा तर कार्यालय सर्नुपर्ने बाध्यता भएकोले आवश्यक्ता अनुसार बैशाखमा रकमान्तर गरेको एवं पर्याप्त समय नभएकोले समेत यसरी निर्माण कार्य गराउनुपरेको जनाएको छ ।

८१ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन। निम्नानुसार एउटै किसिमको खरिद पटक पटक खरिद गरेको देखियो। सोझै खरिद कार्यमा नियन्त्रण गरी प्रतिस्पर्धी, मितव्ययी र पारदर्शी रुपमा खरिद गर्न तर्फ ध्यान दिनुपर्दछ। सोझै खरिद गरेको उदाहरण निम्न छन।

| भौ नं | खरिद विवरण | आपूर्तिकर्ता | रकम रु |
|---|---|---|---|
| २८।०८१।२।२४ | रोजगार सेवा केन्द्र सामाग्री | श्रद्धा मल्टी ट्रेड सेन्टर | १६९५०० |
| ४६।०८१।३।२४ | स्वास्थ्य चौकिको लागि व्यवस्थापन सामग्री खरिद | सुपा देउराली स्टील फर्निचर उद्योग | ८९९५४७ |
| ३४९।०८१।३।२४ | कार्यालय भवन लागि फर्निचर खरिद | ग्रीक सप्लायर्स | ९९९२०२ |
| १७।०८१।१।१६ | सामुदायिक स्वास्थ्य इकाईको लागि ल्यापटप तथा प्रिन्टर व्यवस्थापन | अनमोल कम्प्यूटर्स | ३४९९९९ |
| ४०।०८१।३।२२ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी को लागि प्रोजेक्टर व्यवस्थापन | लाईफ इनर्जि प्रा लि | १९७८६३ |
| १६८।०८१।२९ | साउण्ड सिस्टम खरिद | जी.एस. कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सप्लायर्स | १९९७८४ |

पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाई वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । यस तर्फ पालिकाको ध्यान समेत जानु पर्दछ ।

८२ **परामर्श खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ ।नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तथा विगत वर्षमा परामर्श तथा डिपिआर सम्बन्धि विवरण माग गरेकोमा उक्त विवरण प्राप्त भएन । पालिकाले परामर्श तथा डिपीआरसंग सम्बन्धित खर्च तथा प्रतिवेदन PAMS मा दाखिला गरी व्यवस्थित रुपले सोसंग सम्बन्धित अभिलेख राख्नुपर्दछ । यस वर्ष पालिकाले परामर्श खरिद वापत देहाय अनुसार खर्च गरेको छ ।

८२.१ पालिकाबाट गत विगत वर्षमा परामर्शदाता मार्फत भएको डिपिआर तथा अन्य परामर्श अध्ययन प्रतिवेदनको विवरण माग भएकोमा सोको विवरण प्राप्त नभएकोले विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका समेत यस वर्षको परामर्श अध्ययन प्रतिवेदन तथा सोको कार्यान्वयन अवस्था निम्न बमोजिम रहेको छ । गत विगतमा भएका अध्ययन प्रतिवेदनहरु कार्यान्वयन गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत | उपयोग तथा कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|
| १ | जोइढुङ्गा बी.वी. पार्क बिस्तृत योजना प्रतिबेदन | अस्त्र ईन्जिनियरिङ प्रा लि | ४८९१७७ | १६१२९९५९३ | कार्यान्वयनमा रहेको |
| २ | छल्दी जलाशय परियोजना पूँजीगत सेवा परामर्श | इगल्स् सोलुशन्स प्रा.लि. | १४७९१७० | १७२७६४८९६ | २०८१।८२ मा बजेट विनियोजन नभएको |
| ३ | वडा नं २ स्वास्थ्य चौकी निर्माणको लागि डीपीआर | एरो कन्सल्टेन्ट्स प्रा.लि. | ४८८७२५ | २७५९१९९१ | कार्यान्वयनमा रहेको |
| ४ | | | २४५७०७२ | | |

८२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खाम्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।
- पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा सोधभर्ना हुने आईटमको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ । साथै सम्झौता अनसारका सबै प्रतिवेदनहरु तोकिएको परिमाणमा प्राप्त गर्नुपर्दछ । पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

८२.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८३ **गाउँपालिका चक्रपथ निर्माण**

प्रदेश समपुरक योजना अन्तर्गत २७.६३ किलोमीटरको ६ वटा खण्डमा गाउँपालिका चक्रपथ निर्माण कार्यका लागि डिपिआर बमोजिम कुल लागत अनुमान रु. १ अर्ब ७ करोड ३६ लाख ५६ हजार रहेको देखिन्छ । उक्त कार्यको लागि पालिकाले आन्तरिक बजेटका साथै संघ र प्रदेश सरकारको यथेष्ट बजेट जुटाई कार्य गर्नुपर्ने देखिएको यस वर्ष पालिकाबाट समपुर सहकार्य रकम र प्रदेश समपुरकबाट रु.२५ लाख विनियोजन भएकोमा रु. ७८९४४९८।२५ को लागत अनुमान तयार गरी NCB-५/८०-८१ बाट ६६० मीटर सडक निर्माणका लागि निर्माण व्यवसायी जि.सी.ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. संग रु.४५९२६१९(४२.१) प्रतिशत घटीमा २०८०।८।१५ मा सम्झौता गरी २०८०।१२।९ मा रु.४२२९८७२।६३ मा कार्य सम्पन्न गरेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

८३.१ **बजेट विनियोजन** – कुल डिपिआर लागत रु . १ अर्ब ७ करोड ३६ लाख ५६ हजारको तुलनामा यस वर्ष भएको बजेट विनियोजन र कुल लागत अनुमान रु. १ करोड हाराहारीको कामको आधारमा उक्त योजना तयार हुन निकै वर्ष लाग्ने देखिन्छ । तसर्थ पालिकाले यथेष्ट बजेट व्यवस्थापन गरी डिपिआर बमोजिमको कार्य गराउनु पर्दछ ।

८३.२ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले भौ.न. ११।०८०।१२।१६ र ११०।०८०।१२।१६ बाट NCB-५/८०-८१ का निर्माण व्यवसायी जि.सी.ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.लाई प्रथम रनिंग विल वापत रु. २७०८७३०।९१ भुक्तानी गर्नुपर्नेमा रु . २७७०८७३।९१ भुक्तानी गरेको र बढी भुक्तानी भएको रु.६२१४३।०० अन्तिम विल भुक्तानी गर्दा समेत समायोजन नगरेकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,१४३ |

८३.३ **थप कार्य** – सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी खुला, पारदर्शि, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहीता विश्वसनीयता हासिल गर्ने उद्धेश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४६ को उपनियम ३ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा विद्युतीय प्रणाली खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारवाही सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले प्राप्त प्रदेश समपुरक बजेट बमोजिम NCB-५/८०-८१ ठेक्का व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गरेकोमा पुन: गाउँपालिका चक्रपथ ५४१ मीटर सडक कार्यका लागि समपुरक सहकार्य कार्यक्रम बजेटबाट रु.१९९९१२०।०० को लागत अनुमान तयार गरी विद्युतीय खरिद ई-विडिङ्ग को प्रयोग नगरी हार्डकपी सिलबन्दी दरभाउपत्र खरिद विधि मार्फत करिष्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.संग रु १९७२६००।०० मा सम्झौता गरी भुक्तानी गरेको छ । उक्त सम्झौता लागत अनुमान भन्दा १.३३ प्रतिशत मात्र घटी रहेको देखिन्छ । गाउँपालिका चक्रपथ निर्माणको कार्य विद्युतीय प्रणाली ई-बिडंङ्ग मार्फत गर्दा ४२.१ प्रतिशत घटीमा कार्य भएकोमा पालिकाले रु.२० लाख भन्दा घटीको थप लागत अनुमान तयारी गरेर यसरी विद्युतीय प्रणाली ई-बिडंङ्ग नगरी लागत अनुमान भन्दा १.३३ प्रतिशत मात्र घटी रहेकोले उक्त खरिद कार्य खुला, मितव्ययि र वास्तविक रुपमा प्रतिस्पर्धा भएको देखिदैंन । विद्युतीय प्रणालि मार्फत कार्य भएको आधारमा हार्डकपी सिलबन्दीबाट कार्य गराउँदा रु.८०१४२०।०० व्ययभार परेकोले पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको विद्युतीय माध्यमको बोलपत्र सम्बन्धी व्यवस्थाको पालना गरी सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी विश्वस्नीय, खुला, प्रतिस्पर्धि बनाई मितव्ययियता कायम हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८४ **संघ समपुरक रकम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४२४,४७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८५ **जैढुंगा वि.पि.पार्क तथा जलासय निर्माण**

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

८५.१ **डिपिआर कार्यान्वयन** - जैढुंगा वि.पि.पार्क तथा जलाश्य निर्माण सम्बन्धि डिपीआर अध्ययन गराई तयार गरेकोमा अध्ययन पश्चात उक्त खेलकुद मैदान तयार गर्न कुल रु १६ करोड १२ लाख ९९ हजारको लागत लाग्ने देखिन्छ जुन आन्तरिक श्रोत न्यून भएको स्थानीय तहको लागि एक वृहत योजना र बजेटको सुनिश्चतता नहुँदा डिपिआर अनुसार तयार हुन वर्षौ लाग्ने देखिन्छ । उक्त डिपिआरमा क्रिकेट स्टेडियम विथ बाउण्डरी, इन्ट्रिगेट, स्विमिंङ पुल, शौचालय र सेड, फलावर तथा गार्डेनिङ, चेन्जिङ रुम, फिसिङ एरिया तथा बोटिङ सम्बन्धि निर्माण कार्य रहेको छ । उक्त योजनाको साईट खोलासंगै रहेको खाली जग्गालाई पालिकाले उपयोग हुने गरी निर्माण कार्य गराएको जनाएको छ । तर निर्माण कार्य खोला भन्दा करिब १.५ मीटर माथि भएको देखिन्छ जसले गर्दा वर्खाको समयमा उक्त क्षेत्रमा बाढीको उच्च जोखिम हुने र निर्माण कार्य तथा संरचना समेत प्रभावित हुने जोखिम देखिएको र सोका लागि पालिकाले प्रोटेक्सन

कार्यका लागि बढी खर्च गरेको देखिन्छ । उक्त निर्माण कार्यमा पालिकाले यस वर्ष ठेक्का, सिलबन्दी र दरभाउपत्र मार्फत रु. ९०७४१२६।०० खर्च गरेको छ ।

| सम्झौता | निर्माण व्यवायी | निर्माण कार्य | लागत अनुमान | सम्झौता | भुक्तानी रु. | समय |
|---|---|---|---|---|---|---|
| NCB-१३ / ८० - ८१ ( प्रदेश ) | कालिका निर्माण सेवा, गुल्मी | क्रिकेट ग्राउन्डको ल्यान्ड डेभलप्मेन्ट, घेराबार , ड्रेनेज , गेट आदी | ९९९९९४५ | ६९४२९७४ | ६५५६३२६ | २०८०।११।१४-०८१।३।१५ |
| SQ-२३ / ८० - ८१ ( प्रदेश ) | करिष्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | घेराबार, ड्रेनेज , तथा पल्म कन्क्रिट सियर वाल ग्याविय प्रोटेक्सन कार्य | १९९९५२३ | १८१२३४० | १७७६३६९ | २०८१।२।१३-३।५ |
| दरभाउपत्र ( विपद कोष २०८१ ) | करिष्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ग्यावियन प्रोटेक्सनको कार्य बाढी पसेकोले संरचना जोगाउन | ७४९२४४ | ७४५०७८ | ७४१४२९ | २०८१।३।१२-३।२० |

८५.२ **प्रोटेक्सन कार्य** – जैढुंगा वि.पि.पार्क तथा जलाश्य निर्माण सम्बन्धि डिपीआर अनुसार खोलाको बाढीबाट प्रभाव पर्ने जोखिमलाई भर्पर्दो रुपमा रोक्न सक्ने गरी डण्डी सहितको आर.सि.सि. सियर वाल लगाउनु पर्ने रहेकोमा पालिकाले सो अनुसार गरेको देखिएन । पालिकाले २ वटा सम्झौतामा पल्म कन्क्रिट तथा ग्यावियन प्रोटेक्सन र विपद तर्फबाट ग्यावियन प्रोटेक्सन वापत खर्च गरेको छ । प्रथम ठेक्कामा ग्यावियन प्रोटेक्सनको आईटमको कार्य ६९८.५० घन मीटरको रु. २९३३७००।००, सिलबन्दी कोटेशनबाट १५४.५० घन मीटरको रु.६६४३५०।०० र विपदको दरभाउपत्रबाट १३१.७५ घनमीटरको रु. ५९१५५७।०० समेत मूअकरबाहेक रु.३७२९१२५।०० गरेको छ । पालिकाले अधिकांश खण्डमा ग्यावियन प्रोटेक्सन र केही लेन्थमा प्रोटेक्सन कार्यका लागि डण्डीको प्रयोग वेगर पल्म कन्क्रिट वाल र सो भन्दा बाहिर ग्यावियन प्रोटेक्सन गरेको जुन बाढीले प्रभावित भई आंशिक रुपमा कटान भएको तथा दबिएको, खोलाको पानी संरचना पसेको र पल्म कन्क्रिटको एक वाल टिल्ट भई झरेको पाईयो । यसरी डिपिआर अनुसार आर.सि.सि. सियर वाल नलगाई पल्म कन्क्रिट तथा सोको बाहिर भागमा ग्यावियन प्रोटेक्सन गरेको प्राविधिक रुपमा उपयुक्त नदेखिएको र यसले थप व्ययभार पारेको छ । यस सम्बन्धमा पालिका जिम्मेवार हुनुपर्दछ । साथै विमाको प्रयोग तथा त्रुटी सच्चाउने अवधिको प्रावधान अनुसार कुल क्षति एकिन गरी निर्माण व्यवसायीलाई क्षति भएको पूर्वाधार सच्चाई सम्झौता अनुसार कार्य सम्पन्न गराउनुपर्दछ ।



८५.३ **इन्टरलकिङ कन्क्रिट ब्लकको कार्य नगरेको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सम्झौता अनुसारको निर्माण कार्यको अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । NCB-१३/८०-८१ जैढुंगा वि.पि.पार्क तथा जलाश्य निर्माण कार्यका निर्माण व्यवसायी कालिका निर्माण सेवा, गुल्मी ले supply and applying ६०mm thick heavy duty(M२५ grade) interlocking cement concrete block को कार्य वि.ओ.क्यू. परिमाण अनुसार १८१ वर्ग गर्नुपर्नेमा उक्त कार्यको दर वि.ओ.क्यू अनुसार रु.३५०।०० (लागत अनुमानमा रु. २५०७.४१) कबोल गरेकोमा घटी दर कबोल गरेको उक्त कार्य गरेको देखिएन । लागत अनुमान अनुसार उक्त कार्य रु.४५३८४१।२१ को रहेकोमा सम्झौता अनुसार उक्त कार्य वापत रु.६३३५०।० मात्र भएकोले उक्त कार्य नगरेको देखिन्छ । यसरी सम्झौता अनुसार घटी दर कबोल गरेको रकमको कार्य नगराई अन्तिम विल भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,५३,८४१ |
|---|---|

८६ **इस्माकोट पर्यटन पूर्वाधार**

NCB-०१/८०-८१ इस्माकोट पर्यटन पूर्वाधार निर्माण कार्यका लागि रु. ५९९९७५३।०० को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी जि.सी.ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. संग रु.४४७१३०१(२६.५९) प्रतिशत घटीमा २०८०।७।१४ मा सम्झौता गरी २०८१।२।३० मा रु.४२००१८३।०५ मा कार्य सम्पन्न गरेकोमा निर्माण व्यवसायीले G.I.Chainlink Mesh Wire २*२ fixing all complete को दर वि.ओ.क्यू अनुसार रु.४००।०० (लागत अनुमानमा रु. ७८८.३७) कबोल गरेकोमा उक्त कार्य वि.ओ.क्यू. परिमाण ८४० वर्ग मीटर रहेकोमा ४२१ मीटर मात्र कार्य गराएको छ । निर्माण व्यवसायीले घटी दर कबोल गर्ने आईटम ४१९ वर्ग मीटर घटी गर्दा लागत अनुमान भन्दा फरक दर रु.३८८.३७ ले हुने रु.१६२८११।०० घटी कार्य गरेको सम्झौता अनुसार कार्य नभएको उपयुक्त देखिएन । यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

८७ **स्वास्थ्य चौकी भवन**

NCB-११/८०-८१ स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि रु. ९९९९६६९।७९ को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी यात्रा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. संग रु.६९३६५७१ (३१ प्रतिशत घटीमा) २०८०।११।१८ मा सम्झौता गरी २०८१।२।३० मा रु.६४८०००३।३४ मा कार्य सम्पन्न गरेकोमा निर्माण व्यवसायीले देहाय अनुसारका दर वि.ओ.क्यू अनुसार लागत अनुमानको तुलनामा घटी कबोल गरेकोमा उक्त कार्य वि.ओ.क्यू. परिमाण अनुसार नगरी कार्य सम्पन्न गरेको देखिन्छ । निर्माण व्यवसायीले घटी दर कबोल गर्ने आईट नगराई अन्तिम विल भुक्तानी गरेको नियम सम्मत देखिएन । यस सम्बन्धमा पालिकाले उक्त समयमा वर्षातका कारण पर्खालहरु र ठेक्काको म्याद समेत बाँकी नरहेकोले उक्त कार्यहरु गराउन नसकिएको जनाएको छ ।

| आईटम नं | आईटम | परिमाण | कार्य गरेको | घटी परिमाण | लई दर | सम्झौता दर | सम्झौता अनुसार रकम | लागत अनुमान अनुसार रकम |
|---|---|---|---|---|---|---|---|---|
| १८ | Epoxy flooring | १६. ०५ घमी | ० | १६.०५ | ४२४३ | २२०० | ३५३१० | ६८११८ |
| २३ | Supply and Painting two coats of external apex weather coat paint to outer exposed area | १८१. ०७ वर्ग मीटर | ० | १८१.०७ | ३६२.३८ | ३०० | ५४३२१ | ६५६१६ |
| ३ | Epoxy/Anti-microbial Painting works Walgard WB on wall and ceiling | ८०. ३१ वर्ग मीटर | ० | ८०.३१ | ६४८.१३ | ३०० | २४०९३ | ५२०४८ |
| ४ | Stainless steel railing work | २८. ०२ वर्ग मीटर | ६.१६ | २१.८६ | ५०९२.२ | १२०० | २६२३२ | १११३१५ |
| | | | | | | | | २९७०९७ |

८८ **निस्ती दोश्रो खानेपानी आयोजना**

निस्ती दोश्रो खानेपानी आयोजना – NCB-०८/८०-८१ निस्ती दोश्रो खानेपानी आयोजना वडा नं. १, ३, ४ र ५ निर्माण कार्यका लागि रु. १२४९९६३५।९१ को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी इस्माली देउराली कन्स्ट्रकसन प्रा.लि. संग रु.८०४५८५१।२९ (३५ प्रतिशत घटीमा) २०८०।९।1 मा सम्झौता गरी २०८१।२।३० मा रु. ७७४८०४२।१९ मा कार्य सम्पन्न गरेको छ । उक्त निर्माण कार्यमा १९२७५ मीटर पाइप लाईनको कार्य, २ वटा फेरोसिमेन्ट ट्यांक, १ डिस्ट्रिव्युसन च्याम्बर, १ कलेक्सन च्याम्बर र ४१५ वटा धारा निर्माणको कार्य भएको देखिन्छ। `निस्ती खानेपानी योजनाका लागि अन्य निर्माण योजना कार्य बाहेक ४१५ थान १/२ ईन्च वाटर मिटर, ब्रास भल्भ तथा ब्रास ट्याप वापत रु.९३३७५०।०० को नापी तथा कार्यसम्पन्न गरी भुक्तानी गरेकोमा उक्त वाटर मीटर, धारा अनुगमन तथा फोटो संलग्न गरेको देखिएन । यस सम्बन्धमा अनुगमन समेत हुनुपर्दछ ।

८९ **निर्माण कार्यमा गुणस्तर व्यवस्थापन**

यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ र ११५ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि कार्य गराउँदा अधिकांश निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । पालिकाले ठेक्का मार्फतका निर्माण कार्यहरुको विल अफ क्वान्टिटीमा ल्याव टेस्ट वापत रकम व्यवस्था गरेपनि अधिकांश योजनामा सामाग्री तथा आईटमको ल्याब टेस्ट गरेको देखिएन । पालिकाले केही योजनाका मात्र क्यूब टेस्ट र कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट गरेको छ । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण हुनु पर्दछ । यसमा सुधार गर्नु पर्दछ । ल्याब टेस्ट नगरेका केही उदाहरण देहाय अनुसार रहेका छन्:

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | कैफियत |
|---|---|---|---|---|
| NCB-५ / ८० - ८१ | गाउँपालिका चक्रपथ निर्माण | जि. सी . ब्रदर्श कन्स्ट्रक्सन प्रा . लि . | ४५९२६१९ | ल्याब टेस्ट नगरेको |
| NCB-११ / ८० - ८१ | स्वास्थ्य चौकी भवन निर्माण | यात्रा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६९३६५७१ | ल्याब टेस्ट नगरेको |
| NCB-६ / ८० - ८१ | निस्दी दोश्रो खानेपानी योजना | इस्माली देउराली कन्स्ट्रकसन प्रा. लि . | ८०४५४५१ | ल्याब टेस्ट नगरेको |

९० **एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् :

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | भुक्तानी रु | एजविल्ट नक्सा |
|---|---|---|---|---|---|
| NCB-५ / ८० - ८१ | गाउँपालिका चक्रपथ निर्माण | जि. सी . ब्रदर्श कन्स्ट्रक्सन प्रा . लि . | ४५९२६१९ | ४२२९८७२ | N/A गरेको |
| NCB-६ / ८० - ८१ | निस्दी दोश्रो खानेपानी योजना | इस्माली देउराली कन्स्ट्रकसन प्रा. लि . | ८०४५४५१ | ७७४८०४२ | N/A गरेको |
| NCB-११ / ८० - ८१ | स्वास्थ्य चौकी भवन निर्माण | यात्रा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६९३६५७१ | ६४८०००३ | N/A गरेको |

९१ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,११७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९२ **१५ शैया अस्पताल –**

**ठेक्का नं.NCB-29/77-78, १५ शैया अस्पताल भवन** निर्माणका लागि निर्माण व्यवसायी सुनिल समिर प्रेरा जे.भी.संग २०८०।३।२ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।३।६ मा रु.१०८५४१७२२।७३ सम्झौता भएकोमा भेरिएसन भई रु. ११०३७४०२४।५१ (२०७७।७८ मा) कायम भएकोमा चौथो रनिंङ विलसम्म मू.अ.करसमेत रु.१९६०५४३०.४५ (१७.७६ प्रतिशत प्रगति) र मूल्य समायोजन मू.अ.कर समेत रु. २६७३८१२।०० समेत रु.२२२७८७९९।०० भुक्तानी भएको विवरण पेश भएको छ । उक्त निर्माण कार्यको डिजाईन रिभिउ (२०७९।४।५ मा NHSP बाट) तथा अन्य कारण समेत दुई म्याद थप गरी २०८२।४।२ सम्म सम्पन्न गर्नुपर्ने म्याद कायम भएकोमा प्रगति न्यून रहेको छ । पालिकाले निर्माण व्यवसायीलाई कार्य प्रगति अगाडि बढाई समयमा नै निर्माण कार्य सम्पन्न गराउनुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

९२.१

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५५८,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९२.२ **ढुंगा** – लेखापरीक्षणको क्रममा निर्माण कार्यको साईट अवलोकण गर्दा साईटको वरिपरि साईटको एक्साभेसनबाट निस्किएका ठुला ढुंगाहरु रहेको देखिएकोमा उक्त ढुंगाहरु साईटको ल्यान्स्केपिङ गर्दा र हार्ड सोईल तथा रक कटिङबाट निस्केको देखिन्छ । निर्माण कार्यको शुरु सम्झौतामा उक्त एक्साभेसन तथा कटिंङ कार्यको परिमाण घटी रहेकोमा भेरिएसन गर्दा साईट एरिया समेत बढाउनका लागि एक्साभेसन कार्यमा समेत भेरिएसन (आईटम B.2 - शुरु सम्झौतामा १७४०.४७ घन मीटर रहेकोमा भेरिएसन गरी हालसम्म ९८४८ घन मीटर एक्साभेसन भएको) गरेको र सोही एक्साभेसनबाट ठुला ढुंगाहरु समेत निस्केको र सोलाई स्ट्याकिंग गरि राखेको देखिन्छ । निर्माण कार्यमा उक्त ढुंगाहरु के कति प्रयोग भए नभएको सम्बन्धमा पालिकाले एकिन गरी निर्माण व्यवसायीलाई सोही अनुसार भुक्तानी दिनुपर्दछ । पालिकाले हाल ढुंगा स्ट्याकिङ गरेको परिमाण समेत एकिन गर्नुपर्दछ र उक्त ढुंगाहरु निर्माण कार्यको प्रयोगमा आएको भए सो ढुंगा बराबरको रकम कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले उक्त ढुंगाको रोयल्टी तथा बिक्री सम्बन्धमा समेत एकिन गर्नुपर्ने देखिन्छ ।

साथै निर्माण कार्यमा फल्याट ब्रिक सोलिङ वापत चौथो रनिंग विलमा १४७.३५ घन मीटरको रु.१४७३१५।०० भुक्तानी भएको देखिन्छ । निर्माण कार्यमा स्टोन सोलिंग भएको वा ब्रिक सोलिङ नै भएको सम्बन्धमा समेत एकिन गरी सोही अनुसार पालिकाले भुक्तानी गर्नुपर्दछ ।



९२.३ **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निर्माण व्यवसायी सुनिल समिर प्रेरा जे.भी.लाई चौथो रनिंग विलको मूल्य समायोजन भुक्तानी गर्दा मू.अ.करबाहेकको विल रकम रु.२५१००९५।५० मा मूल्य समायोजन फ्याक्टर ०.१८३९४ ले हुने

रु.४६१७०७।४४ भुक्तानी गर्नुपर्नेमा रु.२८६२५४९।६० मा गणना गरी मूल्य समायोजन रकम रु.५२६५३७.९१ भुक्तानी दिएकोले बढी भुक्तानी भएको मूल्य समायोजन रकम मू.अ.कर समेत रु.७३२५८।०० असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,२५८ |

९३ **कन्टिन्जेन्सी खर्च अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धि अभिलेख राखेको छैन । सुत्रबाट कार्यक्रमगत तथा बैंक नगदी किताको विवरण विवरण अनुसार यस वर्ष पालिकाले रु. १९ लाख ४२ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च मध्ये सूचना प्रकासन खर्च रु. १६ लाख ९९ हजार, योजनाको मर्मत सम्भार तथा कन्टिन्जेन्सी रकम कोषमा ट्रान्सफर रु. १ लाख ५५ हजार र अन्य विविध खर्च तर्फ रु. १ लाख २८ हजार खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

- पालिकाले तोकेको ढाँचामा कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत, शिर्षकगत रुपमा तथा भौचर अनुसार अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च छुट्याउन सकिएन जसले गर्दा कन्टिन्जेन्सी सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन ।
- महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै मर्मत संभार, मसलन्द, विविध, स्टेशनरी छपाई, सूचना प्रकाशन, जस्ता कार्यमा पूजिगत कार्यक्रम तथा शीर्षकबाट खर्च लेखेको देखिन्छ। जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन। चालु खर्चको लागि आवश्यक रकम चालु शीर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ ।
- कन्टिन्जेन्सी खर्च तर्फ ८५ प्रतिशत रकम रु.१६ लाख ९९ हजार सूचना प्रकाशनमा भएको देखिन्छ । सूचना प्रकासन वापत खर्च गर्दा मितव्ययी रुपले दररेट माग गरी तथा अधिक्तम छुट लिनु पर्दछ ।
- चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धि कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाई मितव्यियता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ।

९४ **कन्टिन्जेन्सी खर्च**

**क)** प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को दफा १२ को उपदफा ५ बमोजिम कन्टिन्जेन्सी वापत बढीमा तीन प्रतिशतसम्म मात्र राख्न पाईने व्यवस्था उल्लेख रहेको छ । पालिकाले प्रदेश समपुरक अनुदान तर्फ कुल खर्च रु. ९६८०९८०।०० गरेकोमा सोमध्ये सूचना प्रकासन वापतको कन्टिन्जेन्सी खर्च रु ४६९२२८।०० रहेको छ । जसअनुसार पालिकाले निर्माण खर्च रु. ९२११७५२।०० को तीन प्रतिशत मात्र कन्टिन्जेन्सी वापत रु. २७६३५२।०० खर्च गर्न पाउनेमा रु. ४६९२२८।०० खर्च गरेकोले रु. १९२८७५।०० बढी कन्टिन्जेन्सी खर्च गरेको नियम सम्मत नदेखिएको रु.

**ख)** पालिकाले प्रदेश सशर्त अनुदान तर्फ कुल खर्च रु. ५९६७१०८।०० गरेकोमा सोमध्ये सूचना प्रकासन वापतको कन्टिन्जेन्सी खर्च रु ४०३८६२।०० रहेको छ । जसअनुसार पालिकाले निर्माण खर्च रु. ५५६२२४६।०० को कन्टिन्जेन्सी वापत रु. २२२५३०।०० खर्च गर्न पाउनेमा रु. ४०३८६२।०० खर्च गरेकोले रु. १८१३३२।०० बढी कन्टिन्जेन्सी खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,७४,२०७ |

९५ **सूचना प्रकाशनमा छुट**

गोरखापत्र संस्थानले मिति २०७०।०४।२३ मा संस्थानका सवै प्रकाशनहरुबाट प्रकाशित हुने सूचना तथा विज्ञापनहरुमा सरकारीको हकमा २५ प्रतिशत छुट दिने गरेको र अन्य पत्रिकाहरुले सो अनुसार नै छुट दिने गरेको देखिन्छ। तर नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले प्रकाशित गरेको सूचना तथा विज्ञापनहरुमा तोके भन्दा कम छुट लिएको देखियो। पालिकाले राष्ट्रिय दैनिक पत्रिकाहरुको कम्तिमा २५ प्रतिशतलाई आधार लिई छुट सुविधा लिनुपर्दछ । देहाय अनुसारका सूचना प्रकाशनमा पालिकाले छुट नलिई भुक्तानी दिएको पाइयो। यसमा सुधार हुनुपर्दछ।

| गो.भौ.नं. | फर्मको नाम | भुक्तानी | नपुग छुट |
|---|---|---|---|
| ३।०८०।६।३० | श्रीपेच मिडिया प्रा लि | ४७००३ | १०३९८ |
| १९।०८१।२।६ | जनाधार मिडिया प्रा लि | ४५२०० | १०००० |
| २०।०८१।२।७ | कैलाशनगर मिडिया प्रा लि | ३३९०० | ७५०० |

९६ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारिण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारिण गर्न सक्ने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

पालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको रु ४ करोड २२ लाख ४५ हजारको लागत अनुमान स्वीकृत गरी २५४ उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा रु. ४ करोड ११ लाख २३ हजारको कार्य भई यो वर्ष जम्मा रु. ३ करोड ५९ लाख ६६ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

- उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।
- कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर तथा मिति देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापी किताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

- अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९७ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

९८ **बढी भुक्तानी**

स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) मा स्थानीय तहले बजेट तथा कार्यक्रम बनाउँदा गाँउसभाबाट पारीत गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गाँउपालिका पूजीँगत बजेटबाट कार्यक्रम यकिन नगरीकन अध्यक्षज्यूको तोक आदेशमा खर्च गर्ने गरी रू. ३७ लाख ।-अबण्डा बजेट बिनियोजन गरी विभिन्न योजनमा रू ३६१२०००। खर्च लेखेको छ । पालिकाले अबण्डा बजेट राखी पदाधिकारीको तोक आदेशमा योजना सञ्चालन गर्दा लागत अनुमान यकिन नहुने र योजना कार्यक्रम समेतमा निष्पक्षता समेत नरहने हुनाले अबण्डा बजेट राखी तोक आदेशको आधारमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९९ **नक्सा पास नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । यस गाउँपालिकावाट निर्माण भएका भवनहरुको समेत नक्सा पास नगरी भवन निर्माण नभएका केही उदाहरण निम्न रहेका छन ।

| सि नं | भवनको नाम | सम्झौता मिति | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन इस्मा | २०८०।११।१५ | ६९३६५७१ | ६४८०३९३ |

पालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वियन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वियन गरी गाउँपालिका अन्तर्गत निर्माण हुने भवन

निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ

१०० **स्याला चिसा खोला झोलुङ्गे पुल**

स्याला चिसा खोला झोलुङे पुल निर्माणका लागि झोलुङ्गे पुल कार्यक्रमबाट ८५ प्रतिशतले हुने रु. ५१४८२२३, जनश्रमदान २ प्रतिशतले हुने रु. १२११३५।०० र पालिकाबाट १३ प्रतिशतले हुने रु. ७८७३७५।०० व्यहोर्ने गरी रु. ६०५६७३३।०० मा निर्माण कार्य सम्पन्न गर्ने स्वाप नेपालसंगको त्रैपक्षिय सम्झौता भएको देखिन्छ । उक्त कार्यका लागि रु.१९०९४८३।०० मा स्टील पार्टस खरिद भईसकेकोमा जडान नभएको र जडानका लागि उपभोक्ता समितिलाई रु.१३१४२५३ तथा व्यवस्थापन शुल्क वापत सिर्जनशिल सामुदायिक विकास केन्द्रलाई समेत रु.१०३७६४।०० भुक्तानी भएको तथा विमा र सूचना वापत रु.९३३६५ समेत गरी रु. ३४२०८६५।०० खर्च भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

१००.१ **स्टिल पार्टस :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले लागत अनुमान रु.२३०४४६९।०० रहेकोमा NCB-०७/८०-८१ को न्यूनतम रु.१९०९४८३।०० मा कबोल गर्ने श्री लुम्बिनी ईन्जिनियरिङ वर्क्स प्रा लिबाट स्याला चिसा खोला झोलुङे पुल निर्माणको स्टिल पाट्र्स, फेब्रिकेसन पाट्र्स खरिद गरि रु. १९०९४८३।०० भुक्तानी दिएको छ । उक्त सामान कति परिमाणमा उपयोग गरियो सो को विवरण लेखापरीक्षणमा पेश भएन । खरिद गरिएका सामानको नापी सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,०९,४८३ |

१००.२ **योगदान** - सम्झौता अनुसार पालिकाले १३ प्रतिशत ले हुने रु ४४४७१२।०० योगदान गर्नुपर्नेमा नगरेको र झोलुङ्गे पुल कार्यक्रमबाट सबै भुक्तानी गरेको देखिएकोले पालिकाले अन्तिम विल भुक्तानी र कार्य सम्पन्न तयार गर्दा पालिकाको कुल योगदान एकिन गरी योगदान रकम समायोजन गर्नुपर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४४,७१२ |

१०१ **उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। नमुना छनौटका आधारमा हेर्दा पालिकाले यस वर्ष देहाय अनुसारका कार्य उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति समेत नलिई कार्य गरेकोले नियम पालना गरि निर्माण कार्य गर्नुपर्दछ ।

| भौ नं मिति | कार्यक्रम | उपभोक्ता समिति | लई | कार्यसम्पन्न | भुक्तानी | निर्माण व्यवसायी | निर्माण व्यवसायी विल |
|---|---|---|---|---|---|---|---|
| १०२। ०८०।१२। १५ | इस्मा ५ भित्रका बाटो सरसफाई योजनाको रकम भुक्तानी | सिद्ध टोल विकास संस्था | ५१२४२७ | ५०८५१७ | ४५७६६६ | विष्णुदेवी निर्माण सेवा | ५०८९७२ |
| १०८। ०८०।१२। १६ | मोटरबाटो सरसफाई तथा मर्मत योजना इस्मा १ | श्री हस्तिचौर टोल विकास संस्था | ५१२०३८ | ४९७८२६ | ४४७२३१ | जि आर एस कन्स्ट्रकसन सप्लायर्स | ४९७८२६ |
| ४३।०८०। ६।११ | मोटरबाटो नियमित सरसफाई योजना | श्री दोहलीमौलीपोखरा अँधेरी टोल विकास संस्था | २०४५५९ | २०३३२९ | १८२८९४ | करिष्मा कन्स्ट्रकसन एण्ड सप्लायर्स | १८२८९३ |
| ३०८। ०८१।३। १७ | निस्ती मल्दी सारुटोल बाघखोर सडक गिठी सहित स्तरोन्नति | तोरीखर्क मल्दी टोल विकास संस्था | ३०६९४१ | ३०३४८१ | २७२८८९ | लेबल अप कन्स्ट्रकसन एण्ड सप्लायर्स | २६३९९० |
| | | | | | १३६०६८० | | |

## १०२ ढुंगा भरपाई

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## १०३ ढुंगा

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२१,८८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## १०४ बढी भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२५,७८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०५ **मूअकर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु,

| भौ नं | कार्य | व्यवसायी | कर दर्ता नं | विल नं | मिति | कुल विल रकम | मूअकर | |
|---|---|---|---|---|---|---|---|---|
| २१३।०८१। २।३१ | सहकारी भवन तथा सिढी रेलिंग निर्माण | गोपी किसन ग्रिल उद्योग | ६१८२४९१६१ | १७ | ०८०। १०।१९ | ४३२०२१ | ४९७०१ | विल नं हातले लेखेको |
| | | | | | | | ४९७०१ | |

| प्रमाण पेश नगरेको | ४९,७०१ |
|---|---|

१०६ **मोविलाईजेशन पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले २०८०।८१ सम्म देहाय अनुसारको पेश्की मात्र बाँकी रहेको विवरण पेश गरेको छ । उक्त पेश्की नियमानुसार फर्सयौट हुनुपर्दछ ।

| आ. व . | विवरण | निर्माण व्यवसायी | पेश्की रु. |
|---|---|---|---|
| २०७८।७९ | १५ शैया अस्पताल NCB- २९ / ७७ - ७८ | सुनिल समिर प्रेरा जे. भी . | १६२००० |
| २०७९।८० | | | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : इस्मा गाउँपालिका, गुल्मी , इस्मा गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद पन्थी | २०८०-१-३ | २०८०-६-१७ |
| कार्यालय प्रमुख | पदमलाल अधिकारी | २०८०-६-१८ | |
| कार्यालय प्रमुख | DINESH SARU | २०८०-७-३ | २०८१-७-१९ |
| कार्यालय प्रमुख | विवेक रणपाल परियार | २०८१-७-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अशोक कुमार खड्का | २०७८-१-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४८२,५१५ | ९,९०१,६५४ | ४,१२९,२३१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १४,५१३,४०० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,९२४,७४९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १२,५८८,६५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८४९३००७५.५३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४११५९०२६७.०९ | चालु खर्च | ४१३२१७३१२.९ |
| प्रदेश सरकारबाट अनुदान | २१३८४५८४.८८ | पूँजीगत खर्च | १२०२५४५०३.४१ |
| राजश्व बाँडफाँट | ७७०४३८३७.४४ | वित्तीय/अन्य व्यवस्था | ११०५७३८२.१३ |
| आन्तरिक आय | ४४६७५८३.५७ | | |
| अन्य आय | २५९६६४९७.५३ | | |
| कुल आय | ५४०४५२७७०.५१ | कुल खर्च | ५४४५२९१९८.४४ |
| बाँकी मौज्दात | | ८०८५३६४७.६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।